# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क ४३, पूर्णाङ्क १३८ | २०७४ चैत २८ गते बुधबार | Wednesday, 11 April 2018 | www.eratokhabar.com | मूल्य रु. १०




## लोडसेडिङ अन्त्य भयो भन्नु गलत हो

जलस्रोतविद् एवं पूर्वमन्त्री दीपक ज्ञवाली

अन्तरवार्ता ➔ पृष्ठ ३

## मेयरको राजिनामा माग

■ रातो खबर संवाददाता/

झापा जिल्ला जनपरिषदले मेचीनगर नगरपालिकाका मेयर बिमल आचार्यको राजिनामा मागेको छ । जनपरिषद झापाका प्रमुख सुमनसिंह पौडेलद्वारा हस्ताक्षरित पत्र शनिवार बिमल आचार्यलाई बुझाइएको हो । जनयुद्ध र जनआन्दोलनको मर्म विपरित संसदिय ब्यवस्थाको माध्यमबाट राष्ट्रघात, भ्रष्टाचार, तस्करी गरेर राष्ट्र र जनतालाई कंगाल बनाउदै लगिएको विज्ञप्तीमा जनाइएको छ । यस्तै विज्ञप्तीमा अनावश्यक कर बृद्धि गरेर जनतालाई दुःख दिने गरेकोले राजिनामा माग गरिएको पत्रमा उल्लेख गरिएको छ । अहिलेको स्थानीय निकाय र संसदीय व्यवस्थाको सबै अंग भ्रष्ट हुँदै गएको जनपरिषदको भनाई छ । जनपरिषदले देशका विभिन्न ठाँउहरुका जनप्रतिनिधिहरुलाई राजीनामा मागिएका चेतावनी पत्रहरु पठाइरहेको जनाइएको छ ।

# केपीको भारत भ्रमण राष्ट्रघातमा निरन्तरता

■ रातो खबर संवाददाता/काठमाडौं

केपी ओलीको जम्बो टिमले चैत २३ गतेदेखि २५ गतेसम्म भारतको ३ दिने भ्रमण गरिसकेको छ । नेपालका सञ्चार माध्यमहरूमा उनको भ्रमणलाई निकै महत्वका साथ प्रचार गरिएको थियो । चैत २० गते केपीले आफ्नो भ्रमणका बारेमा जानकारी गराउँदै ठूलै पुलिन्दा खोलेका थिए । उनी दिल्ली गएर नफर्किएसम्म केपी ओलीले मोदी र भारतीय सरकारमाथि विजय प्राप्त गर्दैछन् । विगतमा भारतसँग भएका सबै असमान सन्धि/सम्झौताहरू खारेज गर्नेछन् । पञ्चशीलका आधारमा नयाँ सहमति/सम्झौता गरिनेछ । देश विकासमा भारतले मनग्गे लगानी गर्नेछ भन्ने खालको माहोल खडा गरिएको थियो । तर केपी र मोदीको चैत २४ गतेको संयुक्त पत्रकार सम्मेलन र उनीहरूले १२ बुँदे हस्ताक्षरमा त्यस्तो केही देखिन्न । बरु ओलीले विगतका राष्ट्रघाती सन्धि/सम्झौतालाई निरन्तरता दिएका छन् ।

### भारतसँगको सन्धि/सम्झौता

महाकाली सन्धिको विरुद्धमा आन्दोलन गर्दै आएको तत्कालीन एमालेले मदन भण्डारी र जीवराज आश्रितपछि केपी ओलीको टिमले महाकाली सन्धिका फाइदाको बखान गर्दै हिँडेको



थियो । केपी आफैँले भाषण गर्दै हिँडेका थिए- महाकालीबाट नेपाललाई १ खर्ब २० अर्ब नगद आउँछ । भारतले भन्दा नेपालले बढी बिजुली पाउँछ । भारतले केवल १ सय ८ मेगावाट र नेपालले ८ हजार किलोवाट बिजुली पाउँछ भन्दै भाषण गरेका थिए । उनका यस्ता भाषणहरू अहिले पनि रेकर्डिड छन् । महाकाली सन्धि राष्ट्रघाती भन्दै हिँडेको एमालेले २०५४ सालमा संसद्मा भएको चुनावमा उक्त सन्धिका पक्षमा भोट हालेको थियो । त्यही कारणले एमाले फुटेको थियो । केपीले भनेको १ खर्ब २० अर्ब नगद र ८ मेगावाट बिजुली अहिलेसम्म दुवै नेपालले पाएको छैन । बरु टनकपुर बाँधका कारण त्यस वरपरका जनता प्रत्येक वर्ष डुबानमा पर्ने गरेका छन् ।

यसैगरी एमालेले नै भन्दै आएको सन् १९५० को सन्धि, कोसी-गण्डक असमान सम्झौताहरूका बारेमा चुँसम्म पनि ओलीले बोलेनन् । चैत २४ गते हैदरबाद हाउसमा पत्रकार सम्मेलनमा ओलीका भारतीय समकक्षी मोदीले महाकाली, पञ्चेश्वर, अपर कर्णाली, अरुण-३, सप्तकोसी, सुनकोसीका बारेमा बोलेका थिए । तर ओलीले यी विषयमा कुनै शब्द नै उच्चारण गरेनन् । भनेको मतलब ओलीको पनि मोदीको भनाइमा समर्थन रहेको छ ।

### १२ बुँदे भित्रको ३ बुँदे

नेपालतर्फको वीरगन्जमा केपी र मोदीले संयुक्त चेकपोस्टको शिलान्यास गरेका थिए । तर प्रचारमा आएको अरुण-३ को शिलान्यास भने अन्त्यमा आएर रोकिएको थियो । उनीहरूले हस्ताक्षर गरेको १२ बुँदाभित्रका ३ बुँदालाई खुबै प्रचारमा ल्याइएको छ । त्यसमा रहेको कृषिमा केपीको भाषामा साझेदारी तर मोदीको भाषामा भागेदारी गर्ने भनिएको छ । यो बुँदा कार्यान्वयन हुँदै जाँदा स्पष्ट भएर जाला तर अहिले भन्ने कुरा के हो भने नेपालको उर्वरायुक्त जमिन, पोसिलो पानीको प्रचुरतामाथि भारतको गिद्देनजर रहन गएको छ ।

पहिला भारतलाई खाद्यान्न निर्यात गर्ने नेपाल विगत २० वर्षदेखि आयात

... बाँकी पृष्ठ ७ मा

# अखिल नेपाल क्रान्तिकारी गार्मेन्ट तथा टेक्सटायल मजदुर सङ्घको छैटौं राष्ट्रिय सम्मेलन भव्य रुपमा सम्पन्न

## श्रमजीवी वर्गको मुक्ति वैज्ञानिक समाजवादले मात्र सम्भव छ : विषम

■ रातो खबर संवाददाता/काठमाडौं

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको धरोहर संगठन अखिल नेपाल क्रान्तिकारी गार्मेन्ट तथा टेक्सटायल मजदुर सङ्घको छैटौं राष्ट्रिय सम्मेलन शबिबार काठमाडौंमा भव्य रुपमा सम्पन्न भएको छ । सम्मेलनमा देशैभरीबाट प्रतिनिधि तथा पर्यवेक्षक करिब पाँच सय हाराहारीमा उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा जनसत्ताका प्रमुख सन्तोस बुढामगर 'विषम'को प्रमुख आतिथ्यमा एवं अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका संयोजक अमर झाँक्रीको विशेष अतिथ्यिमा




सम्पन्न भएको हो । सम्मेलनमा बोल्दै प्रमुख अतिथिसमेत रहेका विषमले सम्पूर्ण श्रमजीवी वर्गको मुक्तिको लागि वैज्ञानिक समाजवादले मात्र सम्भव रहेको बताउनु भएको छ । उहाँले एक फरक प्रसंगमा कथित संविधानले मजदुरहरुको अधिकार खोसेर मालिकहरुको संरक्षण

बाँकी पृष्ठ ७ मा

# नेकपाका कार्यकर्तामाथि लगाईएको अभियोग गलत

■ रातो खबर संवाददाता/कैलाली

नगरपालिकाका मेयरमाथि गोली प्रहार गरेको आरोपमा पक्राउ गरिएका नेकपाका पाचजना कार्यकर्ताहरु अदालतको आदेशमा रिहा भएका छन् । कैलालीको घोडाघोडी नगरपालिकाका मेयर ममताप्रसाद चौधरीमाथि गोली प्रहार गरेको अभियोगमा गिरफ्तार गरिएका नेकपाका नरेन्द्र विक, भरत शाह, कमल क्षेत्री, हृदयराज बोगटी र पुरण खनाल निद्रोस रहेको भन्दै चैत्र २२ गते कैलाली जिल्ला अदालतले रिहाको आदेश गरेको हो । उनीहरु सबैलाई चौधरीकी श्रीमतीको उजुरीको आधार भन्दै प्रहरीले फरक फरक समयमा घरमा सुतिरहेको र काम गरिरहेको अवस्थामा पक्राउ गरेको थियो । तर उनीहरुमाथि लगाइएको अभियोग झुटा सावित भएको र नेकपाका कार्यकर्ता भएकै कारण राजनैतिक आस्थाका आधारमा पक्राउ गरिएको बताइएको छ । अदालतमा बयान दिने क्रममा गोली प्रहारबाट घाइते मेयर चौधरीले आफुमाथि गोली हान्नेहरु आफूले नचिनेको र गिरफ्तार गरिएकामाथि घटनाको शंका नलागेको बताएका थिए । चौधरीमाथि गत फागुन २७ गते राति करिब ९ बजेतिर घरनजिकै गोली र खुकुरी प्रहार भएको थियो ।

# जनआन्दोलन दिवसमा देशैभरी कार्यक्रम

■ अम्बिका चन्द/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले २९ औं जनआन्दोलन दिवसको अवसरमा देशका विभिन्न शहरमा साना ठुला सभाहरु सम्पन्न गरेको छ । नेकपाका महासचिव विप्लवले आफ्नो पार्टीले जनआन्दोलन दिवसको अवसरमा गरिएका सभाहरु सरकारको चरम दमनका बाबजूद पनि जनताको उत्साहजनक सहभागिता रहेको भन्दै नेता, कार्यकर्ता र जनतालाई बधाई दिएका छन् । विप्लवले भनेका छन्, 'चैत २४ गतेले जनताको विद्रोहको नेतृत्व गर्दछ ।' महासचिव विप्लवले लोकतन्त्र, मानवअधिकारको वकालत गर्ने, भूतपूर्व वामपन्थीहरुको सरकारले जनतामाथि दमन थोपरिरहेका छन् र विश्वकै उत्कृष्ट भनिरहेको संविधानमा दिइएको अधिकारलाई पनि लत्याएर सामान्य संगठन गर्ने, सभा जुलुस गर्ने र विचार राख्ने अधिकारमाथि पनि प्रतिबन्ध लगाएको भन्दै सरकार क्रुर तानाशाह बन्दै गएको बताएका छन् । २०४६ सालमा पञ्चायती व्यवस्थाको विरुद्ध जनता स्वस्फुर्त सडकमा निस्केर आन्दोलन गरेका थिए । तत्कालीन संयुक्त राष्ट्रिय जनआन्दोलद्वारा चैत २४ गते देखि अनिश्चितकालीन नेपाल बन्द घोषणा गरिएको थियो । उक्त दिन ललितपुर र भक्तपुरका जनताले घरेलु हतियार सहित कर्फ्यु तोडेर काठमाडौं प्रवेश गरेका थिए । त्यसैगरी २०६२ साल चैत २४ गते देखि ज्ञानेन्द्रको शाही शासनका विरुद्ध आन्दोलन स्वरुप नेपाल बन्दको घोषणा गरिएको थियो ।

जन आन्दोलन दिवसको अवसरमा नेपाल कम्युनिस्ट पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) र नेकपाले काठमाडौंमा संयुक्त सभा गरेका छन् । सभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका वरिष्ठ पिबिएम तथा पुर्वी केन्द्रीय कमाण्ड इन्चार्ज अनिल शर्मा 'विरही'ले भने-'वर्तमान संसदीय राज्यसत्तामा रहेका कथित बामगठबन्धनका नेताहरुले क्रान्तिकारी पार्टीलाई दमन गरेका छन् उनीहरुले इतिहासका पाठ सिकुन कि उनीहरुलाई जनताले आफ्नो हिरासतमा लिन नपरोस् ।' यस्तै नेकपा (क्रान्तिकारी माओवादी)का रामसिहं श्रीष, नेकपा (मसाल)का रामप्रकाश पुरी र नेकपाका ऋषी कट्टेल लगायतले सभालाई सम्बोधन गरेका छन् ।

यसैबिच नेकपा लुम्बिनी ब्युरोले बुटवलमा २९औं जनआन्दोलन दिवसको अवसरमा

बाँकी पृष्ठ ७ मा

# "थोत्रा किताब" र केपी ओली

देश/परिवेश

■ हेमन्तप्रकाश ओली 'सुदर्शन'



कुनै जमानामा 'चीनको अध्यक्ष हाम्रो पनि अध्यक्ष' भन्दै माओचतुङको गुणगान गाउँदै 'वन एरिया वन यूनिट, वन स्क्वायड वन एक्सन'को योजनामा धर्मप्रसाद ढकालको टाउको गिड्न संलग्न केपी ओली आज नेपालमा दलाल संसदीय व्यवस्थाको नायक बनेका छन् । एक दशक अघि 'ढाडमा टेकेर टाउकोमा हान्ने' र 'भारतसँग ट्रेन्च युद्ध' लड्न जनमुक्ति सेनालाई आदेश दिने पीके दाहाल यो देशका कुख्यात खलनायक भएका छन् । उनलाई सत्र हजार नेपाली जनताका छोराछोरीहरुको रगतमा मस्ती मार्न आनन्द आएको छ । उनीहरुका लागि मार्क्स, लेनिन र माओका किताबहरु थोत्रा भएका छन्, बाइबल, कुरान रामायण र महाभारत ताजा भएका छन् । हिटलर, मुसोलिनी र जंगबहादुर आदर्शपात्र भएका छन् । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद उनीहरुको लागि थोत्रो भएको छ र अधिभूतवादी आदर्शवाद एवं अध्यात्मवाद ताजा भएको छ । यही कारणले गर्दा केपी ओलीले पीके दाहाललाई एउटै मंचमा राखेर भनेका छन् -'आजभोलि कोही सिद्धान्तका कुरा गर्छन्, कहिलेका थोत्रा किताब पढेर, ठूला सिद्धान्त र क्रान्तिका कुरा गरेर हुँदैन...,' र 'शान्ति खलबलिन दिइन्न, समृद्धिको यात्रा रोकिदैन...'आदि ।

वाह-वाह ! १४ वर्ष बनवास बसेर 'रामराज्य' चलाईरहेका राम-लक्ष्मण । आज मार्क्सवादमाथि यसरी प्रहार गर्दा र क्रान्तिकारीहरुको धज्जी उडाउन पाउँदा गर्व लाग्दछ होइन महाशयहरु । तर महोदय याद राख, जनता धैरै पारखी हुन्छन् । तिमीहरुले टेकेको धर्ती भुकम्प र भुस्खलनले भरिएको छ । शहीदहरुको रगत पिएर मदहोस नहुनु महाशयहरु । तिनका साथी र परिवारहरुले विश्वासघाती र गद्दारहरुको अनुहार हेर्दै मुर्मुरिरहेका छन् । घाइते-अपाङ्ग योद्धाहरुका चहराएका घाउहरु सुतली बम मात्र होइन मानव बम बन्ने स्थिति आउँदैछ । श्रमजीवी र उत्पीडित जनता आक्रोसित छन् । आक्रोस, पीडा र गरीबीको अभिब्यक्ति नै क्रान्ति र मार्क्सवाद हो । इतिहासको अग्रगामी

क्रमशः पृष्ठ ६ मा

## सम्पादकीय

# चैत २४ को महत्व

नेपालका क्रान्तिकारी कम्युनिस्टहरूले चैत २४ गतेलाई विशेष महत्वका साथ हेर्ने गर्दछन् । विगत वर्षजस्तै गरेर यस वर्ष पनि उनीहरूले चैत २४ गते विभिन्न कार्यक्रम गरेर देशैभरि मनाएका छन् । यसरी सभा, जुलुस गरेर चैत २४ मनाइरहँदा केपी ओलीको सरकारले ठाउँठाउँमा दमन पनि गरेको छ । जसले हिजोका दिनमा चैत २४ को दिनलाई जनआन्दोलन दिवस भन्ने गर्दथे तिनैमध्येका केही अहिले सरकार सञ्चालन गर्ने ठाउँमा पुगेका छन् । सरकारमा बसेर उनीहरूले आन्दोलनकारीहरूलाई दमन गरिराखेका छन् । दमनको भाषा बोलिराखेका छन् । यो एक किसिमको लुई पोनापार्टको १८ औँ ब्रुमेयरजस्तो हो । यति चाँडो उनीहरूले चैत २४ लाई बिर्सिसकेका छन् जुन २४ चैतले उनीहरूलाई यो सत्तामा पुऱ्याउन भूमिका निर्वाह गरेको थियो ।

देशमा निरङ्कुश पञ्चायती व्यवस्था थियो । पञ्चायतबाहेक सबै राजनीतिक पार्टी, सङ्घसंस्थामाथि पूर्ण प्रतिबन्ध थियो । कहिले वाम (वामपन्थी), कहिले काङ (काङ्ग्रेस) र कहिले उनीहरूले पञ्चायतका विरुद्ध आन्दोलन गरिराखेका थिए ।

२०४६ सालमा पञ्चायती व्यवस्थाका विरुद्ध काङ्ग्रेस, सात वामहरू एकातिर भएर आन्दोलनको सुरुआत गरेका थिए । उनीहरूको आन्दोलनले पञ्चायतलाई हल्लाउन पनि सकेन । त्यही क्रममा तत्कालका क्रान्तिकारी कम्युनिस्ट शक्तिहरूले संयुक्त राष्ट्रिय जनआन्दोलन निर्माण गरेका थिए । बाबुराम भट्टराईको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (मशाल), नेपाल कम्युनिस्ट पार्टी (मसाल) लगायत पार्टीले सशक्त आन्दोलन घोषणा गरेका थिए । त्यही क्रममा २०४६ साल चैत २४ गतेदेखि संयुक्त राष्ट्रिय जनआन्दोलनले अनिश्चितकालीन नेपाल बन्दको घोषणा गरेको थियो ।

पञ्चायतले काठमाडौँलगायत मुख्य सहरहरूमा निषेधाज्ञा घोषणा गरेको थियो । तर ललितपुर र भक्तपुरका जनताले निषेधाज्ञा तोड्दै घरेलु हतियारसहित काठमाडौँका मुख्य भागहरूमा प्रदर्शन गरेका थिए । त्यही प्रदर्शन र चैत २४ गते घोषणा गरिएको उच्च खालको आन्दोलनले पञ्चायत ढलेको थियो ।

उक्त आन्दोलनले पञ्चायत त ढल्यो तर आन्दोलनलाई पूर्ण लक्ष्यसम्म नपुऱ्याएका कारण राजा, काङ्ग्रेस र वामहरूका बीचमा सम्झौता हुन पुगेको थियो । त्यसैको फलस्वरूप निरंकुश पञ्चायती व्यवस्थाको स्थान राजतन्त्रात्मक संसदीय व्यवस्थाले लिन पुगेको थियो ।

२०४७ सालमा संविधानको घोषणा र २०४८ सालमा भएको संसदीय चुनावबाट पूर्णता पाएको संसदीय व्यवस्थाभित्र राष्ट्रघात, जनघात हुन थाल्यो । संसदीय बहुदलीय व्यवस्थाभित्र एक किसिमको निरंकुशताको अभ्यास हुन थाल्यो । नयाँ नाममा सुरु भएको पुरानै शैलीको निरङ्कुशताका विरुद्ध तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र) ले चरणबद्ध आन्दोलन गरेको थियो । त्यही क्रममा २०४८ साल चैत २४ गते नेपाल बन्द राखिएको थियो । उक्त बन्दमा तत्कालीन गिरिजाप्रसाद कोइरालाको सरकारका गृहमन्त्री शेरबहादुर देउवाको आदेशमा गोली चलाइएको थियो । त्यसक्रममा नाबालक अनिश शाक्यलगायत माथि गोली प्रहार गरी हत्या गरिएको थियो । त्यो चैत २४ गतेले राजतन्त्रात्मक संसदीय व्यवस्था जनहितकारी छैन भन्ने व्यावहारिक पुष्टि गरेको थियो ।

त्यसको केही समयपछि अर्थात् २०५२ साल फागुन १ गतेदेखि जनयुद्ध सुरु भएको थियो । तत्कालीन संसदीय व्यवस्थाको सरकारमा सामेल हुन पुगेका पार्टीहरूले जनयुद्धमाथि भीषण दमन गरेका थिए । दर्जनौँ जनताको हत्या गरिरहेका थिए । यही क्रममा २०५४ साल चैत २४ गतेका दिन तत्कालीन संयुक्त जनमोर्चाले नेपाल बन्द गरेको थियो ।

जनयुद्धको विकासकै क्रममा दरबार हत्याकाण्ड भयो । त्यसको केही समयमा नै देशभरि संकटकाल घोषणा गरियो । माओवादीविरुद्ध सेना परिचालन भयो । माओवादी नेताहरूको टाउकाको मोल तोक्ने काम भयो । यत्ति मात्र भएन, शेरबहादुर देउवाले संसद् विघटन पनि गरेका थिए । त्यससँगै संसदीय व्यवस्थामाथि पनि प्रतिबन्ध घोषणा गरिएको थियो । संसदीय पार्टीहरू माओवादीको शरणमा पुगेका थिए । यसैको फलस्वरूप माओवादी र संसदीय पार्टीहरूका बीचमा अघोषित संयुक्त मोर्चा बनेको थियो । अनि सहरका सडकहरूमा संसदीय पार्टीहरू निरङ्कुश राजतन्त्रविरुद्ध फौजी आक्रमण माओवादीले गर्न थालेको थियो । त्यही क्रममा २०६२ साल चैत २४ गतेदेखि अनिश्चितकालीन बन्द घोषणा गरिएको थियो । यही चैत २४ गतेले राजतन्त्र अन्त्यको घोषणा गरेको थियो ।

त्यसैले नेपालको क्रान्तिकारी आन्दोलनमा चैत २४ को विशेष महत्व रहने गरेको छ । तर यसपालिको चैत २४ गतेका दिन अहिलेका शासकहरूले धनगढी, अछामलगायत जिल्लाहरूमा दमन गरेका छन् । यी शासकहरूले बुझ्न जरुरी छ- चैत २४ गतेले तानाशाहहरूलाई ढाल्ने गरेको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# नेपाली प्रमको भारत भ्रमण र नेपाल–भारत केमेस्ट्री


धर्मेन्द्र बास्तोला

बिहानीले दिनको संकेत गर्छ भने जस्तै केपी ओली नेतृत्वमा बनेको सामाजिक दलाल पुँजीवादी सरकारको भारत भ्रमणकै प्रक्रियाबाट यो देशको पराधीनता, नवऔपनिवेशिक सिकञ्जाको अरू कसिलो बनाउने निश्चित छ । देशलाई पूर्ण स्वाधीनता, वास्तविक शान्ति, स्थिरता र समृद्धिका लागि वैज्ञानिक समाजवादको बाटोमा बढ्न सशक्त संघर्ष गर्नुपर्नेछ । र, देशलाई अझ सशक्त, मूर्त रुपमा र हराभरा राजनीतिक क्रान्तिको बाटोमा अघि बढ्न अनिवार्य बनाएको छ ।

केपी ओलीको भारत भ्रमणबारे केही समयदेखि उठेका कुतुहल अन्ततः सरकारले सार्वजनिक गरेको कार्यसूचीबाट मेटिएको छन् । नेपाल सरकारका प्रधानमन्त्रीको हैसियतले केपी ओलीले भारत भ्रमण गर्ने सन्दर्भमा गरिने राष्ट्रघाती कामको केही सूची सञ्चार माध्यमहरूबाट प्रकाशित भइसकेका छन् । त्यसमध्ये अरूण तीन भारतबाटै उद्घाटन गर्ने, पञ्चेश्वरको डीपीआर छिटोभन्दा छिटो तयार गर्ने र नेपालबाट भारत जोड्ने ट्रन्समिसन लाइन शीघ्रातिशीघ्र सम्पन्न गर्ने रहेका छन् । यी विषयहरूमा नेपाली जनताले लामो समयदेखि संघर्ष गर्दै राष्ट्रिय हितमा निर्माण गर्नका लागि माग गरिरहेको सबैलाई जगजाहेर नै छ ।

सन् १८१६ को सुगौली सन्धिलाई निरन्तरता दिने सन् १९५० को शान्ति तथा मैत्रीसन्धिको नाममा गरिएको असमान सन्धियता नेपालको अर्धऔपनिवेशिक उत्पीडनको अन्त्यका लागि र राष्ट्रिय स्वाधीनता प्राप्तिका लागि गम्भीर बहस र संघर्ष चल्दै आएको हो । स्वाधीनताको वास्तविक अर्थ संविधानमा 'स्वाधीन' र 'सार्वभौम सत्तासम्पन्न' भन्ने वाक्यांशहरूको उल्लेखले मात्र पूरा गर्न सक्दैन । यो तथ्य सम्पूर्ण नेपाली जनतामा स्पष्ट छ । यौटा सार्वभौम सत्तासम्पन्न राष्ट्रको सीमाभित्र विदेशी सेनाको क्याप कसरी सम्भव हुन सक्छ ? कालापानी र लिम्पिया धुरामा करिब पाँचदशकदेखि भारतीय सेना बसिरहेको छ । 'नयाँ' संविधानको कार्यान्वयनसँगै देशको प्रधानमन्त्रीले उठाउने कदमको पहिलो कार्यसूचीमा नेपालको भू-भागमा बसेको भारतीय सेना हटाउने हुनुपर्थ्यो । नेपालका सीमास्तम्भहरू रातारात नेपालतर्फ सार्दै हजारौँ हेक्टर जमिन भारतमा गाभिएको छ । त्यो जमिन नेपालतर्फ फिर्ता गराउने र संविधानमा लेखिएको सार्वभौमिकताको अर्थ स्पष्ट गर्नुपर्थ्यो । तर, प्रधानमन्त्रीको भारत भ्रमणमा उठाइनुपर्ने यी विषयहरू कहीँ कतै न उल्लेख छ, न त्यसप्रतिको कुनै संकेत । नेपाली सीमाविद्हरूका अनुसार लिम्पिया धुराबाट करिब ७० किमी पूर्व र नेपालको अहिले हकभोग गरिरहेको भू-भाग लिपुलेकमा त दिनदहाडै नेपाल-चीन सिमानामा भारत-चीन सीमा नाकाको रूपमा राजमार्ग निर्माण गर्ने सहमतिसम्म गरियो । भारत सरकारको यो रवैयाबारे के कुरा उठाउने विषयको पनि भ्रमणको कार्यसूचीमा स्थान देखिएन ।

नेपालको संविधानमा जेसुकै लेखिए पनि भारतले नेपालमाथि नवऔपिनिवेशिक नीति अपनाउँदै आएको छ र नेपालको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक विकासमा बन्ध्याकरण गर्दै आएको तथ्य पनि जगजाहेर छ । कुनै मुलुकलाई औपनिवेशिक अवस्थामा राख्ने साम्राज्यवादी चरित्रअनुसार त्यो देशको आर्थिक विकास र जनतालाई गरिएको सहयोगको नाममा नेपालमा भारतीय उद्योगहरू सन्चालन गर्ने, नेपाली कच्चा पदार्थको दोहन र विदेशमा निर्यात गर्ने, देशको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाललाई एकाधिकार पुँजीको रक्षकमा परिणत गर्ने, जनताको आर्थिक आधार बन्नुपर्ने प्राकृतिक सम्पदामाथि नियन्त्रण जमाउने, देशलाई वैदेशिक ऋणको दलदलमा फसाउने, देशभित्र विभिन्न प्रकारको फुट र विभाजन पैदा गर्ने, एकाधिकार पुँजीपतिको मुनाफाका लागि देशलाई टुक्र्याउनसमेत उच्काउने र देशमा गृहयुद्ध सिर्जना गरी मुक्तिकामी जनतामाथि दमन र उत्पीडन गर्ने काम भारतबाट हुँदै आएका छन् । यसबाट मुक्त गर्न नेपालले सन् १९५० को सन्धि एकतर्फी रूपमा भए पनि खारेज गर्नुपर्थ्यो । सन् १९६० र सन् १९६५ को सन्धिले नेपालको सैन्यशक्ति अथवा राज्यको राष्ट्रिय सुरक्षाको मेरुदण्ड कमजोर बनाउँदै आएको छ । त्यसको खारेज गरी स्वाधीनतापूर्वक नेपाली सुरक्षा संयन्त्र निर्माण गर्ने उद्घोष र त्यसअनुसारको व्यवहार कार्यसूचीमा हुनुपर्थ्यो । नेपालको दलाल पुँजीवादको प्रतिनिधित्व गर्ने उद्योगहरूको राष्ट्रियकरण गरी राष्ट्रिय उद्योगहरूको निर्माण गर्ने योजनाहरू तर्जुमा गर्नुपर्थ्यो । तर ओलीको भारत भ्रमणमा यनिी कुनै विषयले स्थान पाएनन् । बरु माथि भनियो कि नेपालका प्राकृतिक सम्पदाको दोहन गर्ने योजनाहरू भारतबाटै उद्घाटन गर्ने कार्यसूची तयार गरियो ।

नवऔपनिवेशिक सम्बन्धको परिणाम नेपालका समस्त जलसम्पदाहरू भारतीय कम्पनीमार्फत भारतको नियन्त्रणमा दिने हर्कत हुँदै आएको थियो । कोशी, गण्डकी र कर्णाली नदीको सम्पदा नियन्त्रण गर्न विभिन्न सम्झौताहरू भएका छन् । यसप्रकारका सम्झौताहरू खारेज गर्न नेपाली जनताले निरन्तर संघर्ष गर्दै आएका छन् । भारतले कोशी पानीढलबाट उत्पादन भएको विद्युत पुरुलियामा जडान गर्ने, त्यस्तै गण्डक प्रदेशको मुजफ्फरपुर र कर्णाली प्रदेशको बरेली स्टेसनमा जडान गर्ने र नेपालका लागि बिक्री गरिने बिजुली ती स्टेसनहरूबाट खरिद गर्नुपर्ने डिजाइन पहिलेदेखि बनाएको थियो । त्यही डिजाइनलाई मूर्तरूप दिने हर्कत केपी ओलीको नेतृत्वमा बनेको 'वाम' खोल ओढेको सामाजिक दलाल पुँजीवादी सरकारले लाचारीपूर्ण र लज्जास्पद कार्यसूची बनायो । जनताको अधिकार खोस्न, देशमा भ्रष्टाचार, तस्करी र लुटखसोट गर्न 'शक्तिशाली' भनिएको ' वामपन्थी सरकार' साम्राज्यवादी र एकाधिकार पुँजीपतिका अगाडि त्वम् शरणम् गर्दै जुन कार्यसूचीसहित भारतको भ्रमणमा निस्कँदैछ र उसको कामको पहिलो कदम देखापर्दैछ, नेपाली जनताका लागि योभन्दा लज्जास्पद संकेत सायदै अरू हुन सक्छ । 'नयाँ' संविधानको कार्यान्वयनसँगै सरकार प्रमुखबाट गरिने पहिलो विदेश भ्रमणले परिवेशको कारण केही नयाँ अनुभूति गराए पनि सत्ताको पुरानै दलाल पुँजीवादी चरित्रले सचेत नेपालका लागि त्यो नयाँ बोतलमा पुरानै रक्सी भनेजस्तै भएको छ र नेपाली जनताको लागि त्यो कुनै नयाँ परिघटना नभएर नवऔपनिवेशिक अवस्थाको अभिव्यक्ति मात्र हो भन्ने स्पष्ट छ ।

नयाँ संविधान र नयाँ युगको सूत्रपात भएको राग अलाप्ने संसद्वादीहरूले 'सार्वभौम सत्ता सम्पन्न' भएको देखाउन पनि राष्ट्रिय हितका केही काम देखाउन सक्नुपर्थ्यो, विदेशी एकाधिकारका केही कडीहरूको अन्त्य गरी जनतालाई वास्तविक सार्वभौम बनाउन संकेतसम्म दिन सक्नुपर्थ्यो । तर विगतका कांग्रेस र एमाले सरकारहरूले झैँ 'नयाँ संविधान' पछि बनेको 'वामपन्थी' बहुमत रहेको 'समाजवादी सरकार' उही पुरानो नीतिमा नीरन्तरता दिन गइरहेको छ । यसबाट यौटै कुरा पुष्टि भएको छ कि यो सरकारले भनाइमा समाजवाद उन्मुख हो र व्यवहारमा सामाजिक दलाल पुँजीवादको प्रतिनिधि ।

कर्णाली, कोशी, गण्डकी र महाकाली नदीको आफ्नो देशमा पर्ने पानीको प्रयोग नेपालले गरी ऊर्जा उत्पादन गर्दा देशका बन्द भएका हजारौँ उद्योगहरु खुल्न सक्थे । साना, मौला र ठूला गरी अरु हजारौँ नयाँ उद्योगहरु खोल्न सकिने हुन्थ्यो । त्यसले लाखौँ युवाहरुलाई देशभित्रै उचित रोजगारी दिन सक्थ्यो । करिब ३५ प्रतिशत बिप्रेषण, ६० प्रतिशत आयातित सामानमा थपेको कर र वैदेशिक ऋणबाट बन्ने राष्ट्रिय बजेटको प्याटर्न बदलिन सक्थ्यो र राष्ट्रिय पुँजीमा राष्ट्रिय बजेट बन्ने अवस्था सृजना हुन सक्थ्यो । तर, राष्ट्रिय पुँजीलाई दुश्मन देख्ने, एकाधिकार पुँजीको पक्षपोषण गर्ने र जनताको जिम्मेवारी विचौलियाको हातमा छाडिदिने दलाल पुँजीवादी सत्ताले राट्रिय पुँजीको पक्षमा उभिन सम्भव हुँदैनथ्यो ।

नेपाली जनताको आर्थिक विकासको मेरुदण्ड बन्ने नेपालको उत्तम सम्पदा जलश्रोतको हस्तान्तरण बन्द गरियोस् र त्यसको निर्माण राज्यले गरी आर्थिक उन्नतिको बाटो कोरियोस् भन्ने नेपाली जनताको आह्वान रहँदै आएको हो । कर्णाली, कोशी, गण्डकी र महाकाली नदीको आफ्नो देशमा पर्ने पानीको प्रयोग नेपालले गरी ऊर्जा उत्पादन गर्दा देशका बन्द भएका हजारौँ उद्योगहरू खुल्न सक्थे । साना, मझौला र ठूला गरी अरू हजारौँ नयाँ उद्योगहरू खोल्न सकिने हुन्थ्यो । त्यसले लाखौँ युवाहरूलाई देशभित्रै उचित रोजगारी दिन सक्थ्यो । करिब ३५ प्रतिशत बिप्रेषण, ६० प्रतिशत आयातित सामानमा थपेको कर र वैदेशिक ऋणबाट बन्ने राष्ट्रिय बजेटको प्याटर्न बदलिन सक्थ्यो र राष्ट्रिय पुँजीमा राष्ट्रिय बजेट बन्ने अवस्था सृजना हुन सक्थ्यो । तर, राष्ट्रिय पुँजीलाई दुश्मन देख्ने, एकाधिकार पुँजीको पक्षपोषण गर्ने र जनताको जिम्मेवारी विचौलियाको हातमा छाडिदिने दलाल पुँजीवादी सत्ताले राट्रिय पुँजीको पक्षमा उभिन सम्भव हुँदैनथ्यो ।

औपचारिक सन्धि सहमति नगर्ने प्रचार गरेका प्रधानमन्त्रीले एकाएक राष्ट्रघातको फेहरिस्त तयार गर्नु दलालहरूको जनता ढाँट्ने क्रोनिक रोग हो । जबसम्म सम्पूर्ण रूपमा दलाल पुँजीवादी सत्ताको अन्त्य हुँदैन, तबसम्म यो रोगको उपचार पनि सम्भव छैन । सामाजिक दलाल पुँजीवादी सरकारलाई नेपाली जनता चुनौती दिन चाहन्छ कि नेपाली सन्ततिको भविष्य अनिश्चित र अन्धकार बनाउने राष्ट्रघाती सन्धि-सम्झौताहरू नगरोस् । भारतबाटै नेपालभित्रका परियोजना उद्घाटन गर्ने-गराउनेजस्ता हर्कतले केप्री ओलीको भारतप्रतिको दलाली, आत्मसमर्पण र राष्ट्रघातको बुर्का उघ्रिएको छ । यसप्रकारका हर्कतहरू कुनै पनि स्वाभिमान नेपाली जनताले स्वीकार नगर्ने पनि स्पष्ट गरिन्छ ।

केही वर्ष पहिले भारत भ्रमणको समयमा तत्कालीन प्रधानमन्त्री प्रचण्डले मोदीसँग आफ्नो केमिस्ट्री मिलेको उद्घोष गरेका थिए । औपनिवेशिक देशका शासकहरूले साम्राज्यवादी देशको दलाली गर्दै आफ्नो कुर्चीको बचाव गर्न उसको सेवामा केमिस्ट्री मिलाउने घटना कुनै नौलो घटना होइन । कुनै समयमा स्वाधीनताका लागि आन्दोलन गरेको धमास देखाउने, पुलिसको डण्डा खाएको र जेल बसेको ध्वास देखाउँदै इतिहासको ब्याज लिन लाज नमान्ने ओली अहिले त्यही प्रतिक्रियावादी सत्ताको मतियार बनेका छन् । जुन दर्शन र विचारको ब्याजमा सरकार बनाउन पुगेका छन्, त्यसलाई नै अहिले 'थोत्रा किताब' को अपमान गर्न पुगेका छन् । यो उनको साम्राज्यवादी मालिकसँग केमिस्ट्री मिलाउनुको पुरानै प्रचलन हो ।

साम्राज्यवाद र उसका दलालहरूको यसप्रकारको अवैध केमिस्ट्रीमाथि नेपाली जनताले बारम्बार निरन्तर झाडु लगाउँदै आएको छ । नेपाली जनतालाई पराधीन बनाउने, गरिब र अपहेलित गर्ने साम्राज्यवाद र उसका दलालहरूको भद्दा र कुरूप केमिस्ट्री झाडु र ब्रुसले सफा गर्न सकेको छैन, यसमाथि अबको जनताले यसमाथि एसिड खन्याउनुपरेको छ, जसले नेपाल र भारतका जनतामाथि उत्पीडन गर्ने सबै दलाल पुँजीवादीहरूलाई खरानी पारोस् । ओलीको भारत भ्रमणबाट देशले कुनै नयाँ उपादेयता हासिल गर्नेछैन, बरु 'वैधानिक' बन्धनको घेराभित्र धेरै राष्ट्रघातका फर्मानहरू सुन्नुपर्नेछ । नेपाली जनताले त्यसको विरोध र त्यसप्रकारको पराधीनताको अन्त्यका लागि संघर्ष गर्न तयार हुनुपर्छ । बिहानीले दिनको संकेत गर्छ भने जस्तै केपी ओली नेतृत्वमा बनेको सामाजिक दलाल पुँजीवादी सरकारको भारत भ्रमणकै प्रक्रियाबाट यो देशको पराधीनता, नवऔपनिवेशिक सिकञ्जाको अरू कसिलो बनाउने निश्चित छ । देशलाई पूर्ण स्वाधीनता, वास्तविक शान्ति, स्थिरता र समृद्धिका लागि वैज्ञानिक समाजवादको बाटोमा बढ्न सशक्त संघर्ष गर्नुपर्नेछ । र, देशलाई अझ सशक्त, मूर्त रूपमा र हराभरा राजनीतिक क्रान्तिको बाटोमा अघि बढ्न अनिवार्य बनाएको छ ।



# लोडसेडिङ अन्त्य भयो भन्नु गलत हो

**केपी ओली र नरेन्द्र मोदीले भारतको हैदरवाद हाउसबाट नेपालको अरुण–३ को शिलन्यास गर्ने योजना थियो । तर पछिल्लोक्रममा रोकिएको छ । तर पनि उपयुक्त समयमा फेरि गर्ने भन्ने छ । नेपालमा अरुण–३ जुन भारतीय सरकारी कम्पनी सतजललाई निर्माण गर्न दिइएको छ । उक्त परियोजनाको चौतर्फी विरोध भैराखेको छ । यसको विरोध गर्नुको कारणहरु के के छन् भनी जलश्रोतविद् एवं पूर्वमन्त्री दीपक ज्ञवालीलाई रातोखबरका निर्देशक गुणराज लोहनी लिएको अन्तर्वार्ताका मुख्यअंशहरु यहाँ प्रस्तुत गरिएको छ ।**

» ***सरकार पक्षले अरुण–३ एकदमै राम्रो भनिरहेको समयमा विरोधको स्वर झनै बलियो भएर आएको छ किन होला ?***

भारतको सतलज कम्पनीलाई दिनुभन्दा पहिला पनि यो परियोजनाको विरोध थियो । अहिले दोस्रो किसिमको विरोध हो । ऐतिहासिक रूपमा यसलाई २ भागमा हेर्नुपर्छ । १९८० को दशकको मध्यतिर जाइका अध्ययनअनुसार पनि सबैभन्दा सस्तो र राम्रो कुरा भन्ने देखिएको थियो । यसको अर्थ यहाँ बढी सुक्खा समयमा पानी बढी हुन्छ किनभने यसको बढी भाग चीनबाट आउँछ । कोसी बेसिनको सबैभन्दा ठूलो अंश चीनमा छ । चीनको भूभागमा पर्ने हिउँ जति पर्छ त्यो पग्लेर चैत, बैशाख, जेठतिर अरू खोलाको तुलनामा अरुण खोलामा अलि बढी पानी हुन्छ । यसले गर्दा यहाँ जलविद्युत् निकाल्न राम्रो हुन्छ । वर्षाको बेलामा अरू खोलामा हाइड्रोपावर बढी चल्ने र सुक्खा बेलामा कम चल्ने हुन्छ । तर यसमा पनि सुक्खामा राम्रो चल्ने भएको हुनाले यो राम्रो मानिन्छ । जहाँ अरुण ३ बनाउन लागेको थियो त्यहाँ छोटो दूरीमा झर्ने झुकाव यति धेरै छ कि त्यसलाई बाँध बनाएर अर्को ठाउँमा पावर हाउस बनायो भने ११ किलोमिटर प्रेसर बढी आउँछ । पानी बढी र प्रेसर बढी हुनेबित्तिकै जलस्रोत त राम्रो हुने भइहाल्यो । यसले गर्दा सस्तोमा बिजुली निस्किन्छ । त्यसैले अरुण ३ को साइड आकर्षक छ । त्यतिबेला भित्रभित्र डोनरहरूको लडाइँ चलेको थियो । यसमा जापानीहरूले यो निकाले पनि जापानको इच्छा त सप्तगण्डगीको तल देवघाटमा बनाउने थियो । किनभने देवघाटमा सस्तोमा बन्ने योजना हो । सप्तगण्डकीको अरू फाइदा के छ भने सप्तगण्डकीमा जुन बाँध बन्छ त्यो बाँधले नवलपरासी र चितवनको पनि सिँचाइ हुन्छ । दोस्रो कुरो बाँध भनेको पुल पनि हो । अहिले त नारायणघाटमा पुल बन्यो । फाइदाहरू बिजुलीको अलावा माथि बुढीगण्डकीमा बन्यो भने तल स्वतः बढ्छ । जति लगानी गर्नुहुन्छ माथिको ड्याम बन्यो भने तल स्वतः पानी बढ्छ । त्यो बनाउन लागेका थिए तर नेपालीहरूको चलखेल हुन थाल्यो । कताकता गएर जर्मन र विश्व बैङ्कहरू अरुण ३ कब्जा गर्न पुग्यो । मन्त्रालयहरूका नोकरशाहहरू कुनै न कुनै डोनरप्रति नेपाल सरकार र नेपालीहरूले भन्दा बढी उपभोग गर्ने भएको हुनाले यो भारतीय भाषामा अस्ति भर्खरै सुनेको थियो, देहरादुनमा सुन्न पुगेको थियो- नेपाल सरकारको सचिवको तलबभन्दा बढी लैनचौरले दिंदोरहेछ । दो तनखे (दुईतिर तलब बुझ्ने) होगा न । यो अरुणको टाइममा पनि थियो । कतिसम्म भाएको थियो भने यो जर्मनले पनि २५० मिलियन त्यो बेला डेनिस मार्क थियो, युरो आइसकेको थिएन । १९८० तिर तिमीलाई बिजुली चलाउन गाह्रो छ भने फर्टिलाइजर फ्याक्ट्री पनि विचार गरौँ भनेर जापानले भनेको थियो । नेपालले हामीलाई फर्टिलाइजर चाहिँदैन भनेर जबाफ दियो । नेपाल सरकारभित्र नै एकदुईजना हामीले यो ठीक छैन भन्दा मेरो त झन्डै जागिर नै खाइदिएको थियो । सप्तगण्डकी अरुणभन्दा राम्रो भन्दा एउटा रिपोर्ट तयार गरेका थियौँ । यो सन् १९८४ र ०८५ तिर हो । अरुण तीन अगाडि बढ्यो तर त्यो बेला बहुदल आयो । त्यसपछि त्यो कुरा बाहिर आउन थाल्यो । त्यो बेला मेरो राइजिङ नेपालमा एउटा ठूलो एक पेजको लेख नै छापिएको थियो । मुख्य कुरो अरुण राम्रो साइड हो । यो नेपालले बनाउनुपर्छ । विरोध के हो भने विश्व बैङ्कले जे अगाडि सा¥यो । त्यो बजार भाउभन्दा ५ गुणा महँगो थियो । अहिले पनि सतलजले पाउँदा १ हजार डलर प्रतिकिलो ९०० मेगावट बनाउनुस् त्यो ठूलो कुरा होइन । ठूलो कुरो के हो भने जति खर्च छ त्यो खर्चलाई मेगावाटले भाग गरेर प्रतिकिलोवाट कति खर्च लाग्छ ? भन्दा संसारभरि सालाखाला अहिले ८ सय डलरमा बनाइराखेको छ । अनुदानमा इथियोपियामा ६ हजार मेगावटमा बनाइरहेको छ । त्यो मुलुकले ६ हजार बराबरको ग्रान्ड ड्याम बनाउँछु भनेर न कुनै विश्व बैङ्क न कुनै विश्व दातालाई मानेन । उसले आफ्नै खर्चमा बनाइरखेको छ । अहिले पूरा हुँदैछ । कसरी पूरा गर्दैछ भने कमर्सियलबाट लोन लिनबाट कमर्सियल लोन लिएको छ । अधिकांश खर्च आफ्नै भित्रबाट लिएको छ । इथोपियामा एकपटक फोन गर्दा १ प्रतिशतमा ड्याम लैजान्छ । त्यसले उठाउन सक्छ भने हामीले किन सक्दैन भन्ने प्रश्न आउँछ । अरुण ३ हजार प्रतिकिलो डलरमा बन्न सक्ने हाराहारीमा ५ हजार ४ सयमा बनाउन खोज्यो । हाम्रो विरोध यसैमा थियो । एउटा विरोध यो हो हाम्रो । अरुण बनाउनलाई सस्तोमा हजार रुपैयाँ गरौँ । यसमा व.पनि विरोध थियो । सस्तोमा के हो भने नेपालको इकोनिमिक नियन्त्रण गर्नु त हो आईएमीमार्फत । त्यो कस्तो सर्त थियो भने नेपालले अरुणका लागि लोन लियो भने ४४ वटा सर्त सारेको थियो विश्व बैङ्कले । हाम्राले सही धस्काकै छ । अरुणको लोन लिएपछि अरुण पनि बनाउँदैन नेपाल । १० मेगावाटभन्दा ठूलो योजना अध्ययन पनि गर्दैन, बनाउँदा नि बनाउँदैन । अर्को सर्त नेपालले यो लोन लिइसकेपछि हरेक वर्ष बजेट संसद्मा पेस गर्नुअगाडि विश्व बैङ्कको स्वीकृति लिनुपर्दछ । कहाँ गयो सार्वभौमसत्ता ? यो नाटक किन ग¥या ? यस्तायस्ता कुरा भएको हुनाले विरोध भएको हो । गैंडा र पुतलीको विरोध भएकै थिएन र अरुणमा विस्तापन पनि छैन । जापान, अमेरिका र भारतमा पनि हामीले अभियान चलाएका थियौँ । अभियानका बाबजुद माधव नेपालले लेखेको चिठीले हुँदै होइन । यो कुरामा प्रस्ट हुनुपर्छ । विश्व बैङ्कले माधव नेपाललाई टेरपुच्छर लाउँदैन । हिकबहदुर थापाले भनेका थिए । कुरा गर्दा अर्थमन्त्री थिए । विश्व बैङ्कको अध्यक्षलाई भेट्न गएको रे । जाँदाखेरि त १२६ जना अर्थमन्त्रीहरूको लाम थियो रे । प्रचण्डको सरकारले राजीनामा दिइसकेपछि पनि बूढीगण्डकी सम्झौता ग¥यो, त्यो ठीक थिएन । अर्को सरकार आएर यसलाई मूल्याङ्कन गर्छ भने त्यो पनि ठिकै हो ।

» ***कहाँ चुके यिनीहरू ?***

सबै सर्त मान्छौँ भनेर विश्व बैङ्कलाई चिठी लेखेछ । हिजोसम्म त्यो राष्ट्रघाती र अहिले शासनसत्तामा पुगेपछि त्यो अनुकूल हुन्छ र ? गल्ती के भयो भने एमाले र काङ्ग्रेसहरू एकअर्कालाई दोषारोपन गर्न लागिपरे । कुरा नबुझीकन यो महँगो भन्नेपट्टि उनीहरू जाँदैगएनन् । योजना तुहाइदियो माधव नेपालको चिठीले । यसले गर्दा यिनीहरूको एकआपसमा बाझाबाझ मात्र भयो भन्ने गरेको छु । गलत विज्ञानले कहिले राजनीति हुँदैन । गलत राजनीतिले के ग¥यो भने सर्तहरू राष्ट्रघाती, २०० किमि बाटो बनाउन नै बाँकी यी यावत् कुरा छन् । व्यापारीहरूको जात कस्तो हुन्छ भने त्यो जातैले दिएको कुरा हो । कहींकसैले दियो भने कमाउन पाइन्छ कि उसको चरित्रले अर्को वर्षको नाफा देखाउनु नै पर्छ । एक वर्षभन्दा बढी त उसको धेरै लामो । ५ वर्ष १० वर्ष कुर्नै सक्दैन । उसको जातैले दिंदैन । अब कस्तो सम्भावना आयो ? कर्णालीको योजना आउनेबित्तिकै २० वटा ट्रक किनेको थियो । उसलाई फाइदा नआए पनि ट्रकले अरू व्यवसाया गर्न सक्छ । यति नोक्सानी बेहोर्दैन त्यसले । अरुण आउने भएपछि विराटनगर र सङ्खुवासभाका जग्गाहरूको मूल्य कति बढ्यो भने हातको भाउमा मान्छेहरूले जमिन किन्न थाले । पछि अरुण नआउने भएपछि उनीहरूले हामीलाई रिस पोखेका हुन् । यत्रो हाम्रो विकास हुन लागेको थियो । यो योजना खत्तम पार्न लागे यिनीहरूले भनेर । बाटो र पाउरफ्लाएत एउटै ठेकदारलाइ दिनु मिल्छ ? २०० किमि बाटो नागढङ्ुगादेखि पोखराको बन्ने सेतीको बाँध एउटै ठेकेदारलाई दिन मिल्छ ? यस्तायस्ता नचाहिने काम थुप्रो भएको छ । यिनले हामी जसरी भए पनि अरुण फर्काउछौँ भनेर फर्काउन त फर्काए । मुग्लानको साहूलाई कन्याको दान गरेझैँ गरे । समस्या अहिलेको यो हो । ती नेपालका लागि बन्ने भएनन् । ती मुग्लानी साहूका लागि एस्पोर्ट ओरियन्टेड प्रोजेक्ट ? हाम्रो विरोध त्यो हो । भारतलाई ९०० मेगावाट भनेको हात्तीको मुखमा जिरा हो । ४० औं हजार मेगावाट भएको देशमा त्यो ९ सय मेगावट भनेको हात्तीको मुखमा जिरा । हाम्रा लागि त कायापलट हुने हो । यो जसरी भए पनि दिने ! यो के सहमति ग¥यो भने ६२ र ६३ पछि प्रचण्ड र गिरिजा (प्रचण्ड पनि त्यसमा सहमत छन् किनभने शासन लिनु अगाडि उनको सब चिज भाछ । उनी उम्किने केमा हो भने हामी त होइन, हिजो गिरिजाले गरेको हो भनेर) टेन्डर यसरी गरे कि यिनीहरूले भारतीय कम्पनीबाहेक अरू आउनै नसक्ने गरी गरे ।

» ***टेन्डरको विधि के अपनाइयो ?***

पहिलो विधि त यसरी अपनायो । देस्रो विधि यसरी हेर्नुपर्छ । हरि रोकाले बोलेका छन् । अर्थसचिव भानु आचार्य थिए । तिनी रिटायर्ड भइसकेका थिए । उनको अध्यक्षतामा केके बनाएर कुनै विदेशी राम्रो कम्पनीले हाल्न नपाउने भयो । यसरी ग¥यो भारतीय कम्पनी अपरकर्णालीमा जीएमआर तिनीहरूको एग्रिमेन्ट छ । त्यसलाई संसद्मा ल्याउन कोसिस गर्दा पनि सकेन । सर्वोच्चमामुद्दाहाल्दापनिसकेन।त्योकुरारतनभण्डारीले सूचना आयोगबाट सुनाएका थिए । अपरकर्णालीको जे छ त्यही अरुणमा छ । त्यहाँ पहिलो कुरा हाम्रो विरोध निर्यात । नेपालका लागि र बाँकी रह्यो भने भारतमा निर्यात गर्न पाउने तर यहाँ २१ प्रतिशत सित्तैंमा बिजुली पाउने भनिएको छ । तर क्लज छ । नेपालले स्पोर्ट गर्ने भनेको छ । कुन मूल्यमा बजारभाउ तोकिएको छ भन्ने त्यो बिजुलीको भाउ कतिमा स्पोर्ट गर्ने नेपालले ग¥यो भने रोयल्टी भनेको मेगावाटको चाहिन्छ तर किलोवाट हिसाब नगरेपछि रोयल्टीको के हिसाब गर्नु ? यो सबै लुकाएर सबभन्दा ठूलो संसद् छलेर गरेको हो । किनभने दुई देशबीचको स्रोत बाँडफाँट भयो । यसमा सर्वोच्चले गल्ती गरेको छ । राकेशले प्रधानन्यायाधीशलाई भेटेको भोलिपल्ट बिजुलीलाई स्रोत होइन भनेको थियो । त्यसकारण धारा १२६ लागू भयो । र त यो मकै बेच्याजस्तै हो । भारतको नीतिअनुसार त्यो ठाउँ कब्जा गरेर बस्ने योजना हो । दोस्रो कुरा पीडीएमा नेपालका लागि विद्युत् बनाउनेछन् नि तिनीहरूलाई भ्याट पनि लाग्छ, ट्याक्स पनि लाग्छ । जीएमआर र सतलजलाई भ्याट पनि नलाग्ने ट्याक्स पनि नलाग्ने । उल्टै नेपालले कति मेगवाट अनुदान दिनेछ । यो जतिको अपराधले पनि भारतजस्तो मुलुकलाई हामीलाई टाट पल्टाएको छ । यस्तो नचाहिने काम गरेपछि टाट पल्टिने रहेछ । अपर कर्णालीको पनि त्यही हो । यसको विरोध हामीले गरेको कारण नै यही हो । मैले त्यसलाई उपनिवेशिक मोडल भनेको छु ।

» ***अर्को लगानी गर्न खोजेको छ । त्यसमा पनि विवाद छ भनिएको छ नि ?***

अब यहाँ के भएको छ भने जीएमआर र सतलज कम्पनी हुन् । जीएमआरले अपरकर्णालीमा लगानी जुटाउन सकेको छैन । त्यो ठूलो कम्पनी हो । त्यो अहिले अपरकणार्लीमा त्यति ठूलो विषय होइन । गर्नै नसक्ने भनेको जस्तो होइन । त्यो कम्पनीले भारतको त्यत्रो ठूलो एयरपोर्ट बनाएको छ । अरू धेरै ठाउँमा पनि काम गरेको छ । ठूलै पुँजी भएको कम्पनी हो । तर पनि उसले किन लगानी उठाउन सकेन भने यसका २–३ वटा कारण छन् । मुख्य कारण त यसमा भित्री रूपमा सौदाबाजी भएको हुनुपर्छ । राजा हटाउन हामी तिमीलाई मद्दत गर्छौं हामीलाई भने नजराना टक्र्याउँछु भन्नेसम्म म जान्छु । म अब अरू जीएममआरले नउठाउनु सक्नु भनेको योभन्दा अघि पश्चिम सेतीमा ..... दिएका थिए नि ? ९० को दशकमा १४ वर्ष कति हल्लेर बस्यो । त्यत्रो अस्ट्रेलियाको कम्पनीले नसक्ने भन्ने त थिएन नि ? किन सकेन भन्दा भारत सरकारले उनलाई बजारको मोलै दिएन । निर्यातमुखी गरेको थियो । त्यो गलत थियो । त्यो ग्यारेन्टी नभएसम्म कुनै पनि बैङ्कले नाफाघाटा दुवै हेर्छ । त्यसैले उसले बूढीगण्डकी, अपरकर्णाली, यो लाग्दैन । दोस्रो कुरा के हो भने बजारमा हेर्नुहुन्छ भने बजारेले बिजुलीलाई यती तिर्न तयार छ । कुनै किसिमको नाफा नखाईकन हुने हुँदा नाफा त यो हुने होला नि ?

सबै खर्च बिजुलीमा लागेको छ । सायद यहाँनिर हुन्छ होला अहिले नाफा यति मात्र हुने भो नि त्यो गरेपछि कति खाँदैन भएको त्यो हो त्यो बेला । भारतले अर्को बदमासी के गरेको थियो भने नेपालबाट आएको बिजुलीमा २ रूपैयाँ सर्त चार्ज लगाएको थियो । त्यो पछि सस्पेन गरेको भन्ने कुरा आएको थियो । अहिले आएको कुरा । दोस्रो हो त्यो उपनिवेशिक नै हो । बेलायतमा म हुँदाखेरि लन्डनको पुस्तकालयमा लखज भन्नेछ । नेपालको पहिलो औद्योगिक मेला जुद्धशमशेरको सुरु गरेको रहेछ । दोस्रो विश्वयुद्ध सुरु हुनुभन्दा अगाडि १९३८ मा चिठीमा लेखेको पुराना ब्रिटिस रेकर्डहरूमा चिठी खुला छ । त्यहाँ जंगबहदुरको कथादेखि लिएर अनेक भेटैँ मैले । त्यहाँ हेर्दाखेरि के लेखेको छ भने महाराजले यसरी औद्योगिक बनाउन लागेको राम्रो हो । नेपालमा यति धेरै जनसंख्या वृद्धि भइराखेको छ । नयाँ आउने युवाहरूलाई कुनै रोजगारी दिन नसक्ने छ भने उसको शासन स्थिर हुँदैन भने । महाराजले बुझेर यो गर्न लागेको बेलायतीहरूले पनि नेपाल स्थिर रै रहोस् भन्ने हिसाबले ।

तर नेपालमा फ्याक्ट्री खोलेर त्यो पनि जापानी पुँजी ल्याएर त्यो फ्याक्ट्रीले हाम्रा फ्याक्ट्रीलाई गोर्खा लेबर भनेको छ । गोर्खा लेबर प्रयोग गरेर बनाएको हुनाले हाम्रो सामान विस्थापित हुन्छ भनेर हामीले के कर लगाउने ? सिमानामा विचार गर्न १९३८ मा आएर भारतले त्यो एउटा बाँस ठड्याएबापत २ रुपैयाँ पाउने भयो । उसले केही लगानी नगरीकन उसको त अर्बौं फाइदा हुने रहेछ । त्यो विरोध भएपछि सस्पेन भनेको छ । यहाँ अहिलेसम्म छैन । बाहिरको कुनै पनि बैङ्कले लगानी गर्दैन । अहिले के ल्यायो भने भारत सरकारले एप्रुभ गरेको एकाउन्न प्रतिशत सेयर नभईकन उसले नकिन्ने आयो नि ।

५१ प्रतिशत बिजुली आयो । त्यसलाई हटाउने भन्ने आयो । ओलीको एजेन्डामा थियो । रणनीतिक हिसाबले औपनिवेशिक बनाउन हिँडेको मोडेल हो । बेलायत जुद्धशमशेरको पाला १९३८ मा इस्ट इन्डिया कम्पनीले जे भन्यो मोदी भारतले पनि त्यही भनेको छ । मुग्लान साहू त्यत्तिकै भनेको होइन मैले ।

» ***अहिले नेपालमा लोडसेडिङको अन्त्य भाछ नि त ?***

भाको त छैन । जुन भारतबाट बिजुली ल्याएको छ त्यो नेपाली दिने रेटमा ल्याएको छ । यो सर्त कस्तोमा छ भने दुईवटा पक्षलाई यहाँ ध्यान दिएको छैन । कुनै पनि साइड लाइसेन्सको अवधि हेरीहेरी हुन्छ । २० वर्षको लाइसेन्स अवधि दिएको छ भने त्यसको एजम्सन के हुन्छ भने एकदम दिग्भ्रमित पारिदिएको छ । त्यसैले यसलाई क्लियर पार्दिनुपर्छ । २० वर्षको लाइसेन्स दिएको छ । के आधारमा भने ५ वर्षभित्रमा योजना बनाउँछ । त्यो ५ वर्षको योजनाले बैङ्कबाट लोन लिएको हुन्छ । त्यसबाट आउने होइन जाने मात्र हुन्छ । सरकारीमा जति गरे पनि तलब आइहाल्छ । त्यही भएर मतलब गर्दैनन् । निजी क्षेत्रमा कम्पनी डुब्ने डर हुन्छ । कतिपय निजी हाइड्रो पावर कम्पनीले हावा खाएको छ । त्यसैले उनीहरू सरकारी तालमा हिँड्नेहरूले बिगारेका छन् । त्यसै गर्दाखेरि मारवाडीहरू अगाडि बढे, नेवार साहूहरू हराए । अब ५ वर्षमा योजना ४ वर्षमा निकाल्न त्यसले फाइदा हुन्छ । ५ वटा युनिट भयो भने बेच्दै जाँदा आम्दानी हुँदै जान्छ । त्यसपछि १५ वर्षमा पूरा होला र लोन तिर्न सकिएला । २० वर्षमा आएर फाइदा हुन्छ । त्यो नाफाले अर्को योजना बनाउन सक्नुहुन्छ भन्ने हिसाबबाट हिँडेको हो । त्यसपछि २० वर्षमा नेपाल सरकारलाई हेन्ड ओभर हुन्छ । निर्यात गरेको चिजलाई यहाँ प्रयोग गर्नु त पाइँदैन । विजुली आफ्नो औद्योगिककरणको गर्न लागि त पाएन । ३० वर्ष पछि आएर गरेको २५ वर्षपछि सबलाय आउछ भने त आफ्नो औद्योगिकीकरण पछाडि धकेल्नुभयो । २५ वर्षपछि सब हाम्रो भइहाल्छ नि भनेर संसद्मा मैले बोले त्यो औद्यागीकरण २५ वर्ष पछि गर्नुपर्ने हाइन अहिले गर्नुप¥यो ।

उसको माग भनेका १२ सय मेगावाटको छ लाटो हिसाबले हेर्ने हो भने प्राधिकरणसँग नेपाली प्राइभेट गरी जम्मा ८ सय मेगावाट इस्टल क्यापसिटी छ । खोलाको पानीसुकेपछि एकतिहाइमा झर्छ । उत्पादन क्षमता कम हुन्छ । ८ सयबाट ३ सय जस्तोमा आइपुग्छ । भारबाट झण्डै ४सय निकालेको छ । उद्योगलाई काटेका छन् । उद्योगलाई धनी बनायो भनेर माओवादी आएको बेला गरेका छन् । गरेको बेला कुलमाणले तिनचार सय जति काटेका छन् । मेरो अब्जेशनमा ३६० जति काटेका छन् । प्राइभेट सेक्टर र उसले निकालेको सबै गर्दाखेरि ४,५ सय जति छ । त्यत्तिकै अनुपातमा भारतबाट ल्याएको छ। पहिलो त लोडसेडिङ घटेको छैन ।

वास्तविक माग भनेको १५ सय नाकाबन्दीको बेला १८ सय पुगेको थियो । प्राधिकरणको हिसावले १६ सय छ । उत्पादन ४ सय नेपालको ४ सय भारतको ल्याएर ८ सय छ । कसरी यो मिडटै भाछैन । उद्योगको ३ यस चानचुन काटेको छ । हो उद्योगमा तिनेले ठगी ग¥यो होलान् चोरी गरेर आफ्नो ठाउँमा बेच्यो होलान तर उद्योग हामीलाई चाहिन्छ र उद्योगमा विजुली देन भने स्टिल पगाल्न गाह्रो हुन्छ उसलाई त चाहियो नि विजुली त्यसले हामीलाई अर्थतन्त्रमा टेवा दिन्छ । नत्र भने भारतबाट ल्याउनुस सिद्धिहाल्यो । उद्योगलाई दिनु ठीक थियो । तर उद्योगभित्र चोरी गर्ने ठगी गर्नेलाई रोक्नुस । यसमा मेरो अम्बजेशन २ वटा छन् । उद्योगलाई काटेर म जस्तो ग्राहास्तलाई विजुली दिएर उपभोक्तावादलाई प्रोत्साहन गरेको होकि नेपालको औद्योगिककरणलाई प्रोत्साहन गरेको हो । देशालाई उद्योग नचाइने हो ? उपभोक्तालाई २ घण्टा ४ घण्टा लोडसेडिङ गर्नुहोस् तर उद्योगलाई नरोक्नुहोस् ।

दोस्रो, माओवादी मित्रहरूसँग बढी छ उहाँहरूको समयमा भएको हो । जनार्दन शर्माकोकोले ल्याएका कुलमान घिसिङ उहाँले ल्याएको हो । अहिले धनकुटामा लोडसेडिङ छ । सुर्खेतमा छ । नचाहिने कुरा के बाहिरको लोडसेडिङ काटेर काठमाडौंलाई दिएको छ ।

यसमा मेरो प्रश्न के छ भने हिजो १८ हजार मान्छे मारेको कारणहरू मध्य एउटा के काठमाडौले जिल्लालई शोषण ग¥यो । उहाँहरूले जिल्ला लाई शोषण गरेर मलाई विजुली दिइरहनुभाछ ।

तेस्रो, नेपाली उत्पादकलाई दिएको विजुली भन्दा बढी नै छ भन्ने मैले सुनेको छु । सुनेअनुसार झण्डै ३० प्रतिशत छ त्यो नेपाली उत्पादकलाई देको भए उसले राम्रोसँग जलविद्युत् अझ बढी बढाउँथ्यो । त्यसैले लोडसेडिङ अन्त्य भयो भन्नु गलत हो ।

# सुर्खेती क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास



कृष्ण धमला 'गम्भीर'

पार्टी सुदृढीकरण कार्यक्रमअन्तर्गत पार्टी सदस्यता नवीकरण, वडा, गाउँ र नगर भेलामार्फत पार्टीलाई सुदृढ गर्ने अभियान सञ्चालन भयो र यसै समितिलाई १६१ सदस्यीय जिल्ला सम्मेलन आयोजक समितिमा बदल्दै २०७० साल चैत १५ र १६ गते तेस्रो जिल्ला सम्मेलन सम्पन्न भयो । सम्मेलनले चक्रपाणि शर्माको सेक्रेटरी भएको जिल्ला समिति निर्माण गऱ्यो। किरण दाइको नेतृत्वमा ने.क.पा. - माओवादीको निर्माण भएपछि अब क्रान्तिलाई घनीभूत रूपमा तयारी बढाउनुपर्छ भन्ने कुराको बहस प्रारम्भ भयो र बौद्धको राष्ट्रिय भेलाबाट सातौँ महाधिवेशनको निर्णय लिँदै ६/७ महिनाको छोटो समयमा नै काठमाडौँको प्रज्ञा प्रतिष्ठानमा भव्य र उत्साहका साथ सातौँ महाधिवेशन सम्पन्न भयो तर महाधिवेशनले नयाँ कार्यदिशाको निर्णय लिन सकेन र उही पुरानै जनयुद्धको जगमा जनविद्रोह भन्ने कार्यदिशाको अकर्मण्यतामा फस्न पुग्यो। सङ्गठनको सवालमा पनि निर्णय लिन सकेन। फलस्वरूप कार्यकर्ताहरू निराश भएर घर फर्के र महाधिवेशनपछि उत्साह ह्वात्तै घटेर गयो। बौद्धको राष्ट्रिय भेला र सातौँ महाधिवेशनपछि एउटा उभारमा आएको वातावरण सेलाएर गयो । यो कुरा किरण दाइले बुझ्न सक्नुभएन। पार्टीभित्र पुनः दुई लाइन सङ्घर्षको सुरुआत यही बिन्दुबाट हुन पुग्यो। बादल, गुरुङ र पम्फाको उक्साहटमा किरण दाइले वर्गसङ्घर्षलाई अगाडि बढाउने भन्दा पनि अन्तरसङ्घर्षलाई प्रमुख बनाएर आएपछि अब किरण दाइबाट सम्भव छैन भन्ने कुरा छर्लङ्गै भैसकेपछि शिवगढी जङ्गलको भेलाले ठोस अवधारणाको विकास गऱ्यो। अन्ततः किरण दाइसँग पनि सम्बन्धविच्छेद गरी ने.क.पा. माओवादीको निर्माण गरेर अगाडि बढ्यौँ। २०७१ साल मङ्सिर ८ गते सम्बन्धविच्छेद गर्दै आठौँ राष्ट्रिय महाधिवेशनको तयारीतर्फ उन्मुख भयो । आठौँ राष्ट्रिय महाधिवेशनले एकीकृत जनक्रान्तिको कार्यदिशालाई अनुमोदन गर्दै युगान्तकारी संश्लेषणहरू गर्दै र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका बहसहरूलाई नयाँ शिराबाट उठान गऱ्यो । यसले क्रान्तिमा पुनः नयाँ उत्साह सञ्चार गऱ्यो र पार्टी पुनर्गठन भएको ३ वर्षभन्दा बढी बितिसकेको सन्दर्भमा एकीकृत जनक्रान्तिको प्रयोगले दक्षिणपन्थी संशोधनवादी, नवसंशोधनवादी, संसद्वादीहरू र साम्राज्यवादीहरूको निद्रा समाप्त पारिदिएको छ र नेपालको जनक्रान्ति छलाङमय हुँदै अगाडि बढिरहेको छ।

सुर्खेती कम्युनिस्ट आन्दोलनका दुई हस्ती क. लीलाधर गौतम र क. मदन भट्टको अतुलनीय योगदान रहेको छ। क. लीलाधर गौतम पूर्वको अर्डिनेसन समितिबाट सुर्खेत जिल्लामा पूर्णकालीन भएर सुर्खेतको कम्युनिस्ट आन्दोलनलाई विकास गर्न निरन्तर क्रियाशील हुनुभयो र माले, एमाले हुँदै ०४५/०४६ को जनआन्दोलनपछि विद्रोह गरेर क्रान्तिकारी आन्दोलनमा होमिनुभयो । विभिन्न तहका जिम्मेवारी समाल्दै हामीले प्रचण्डबाट सम्बन्धविच्छेद गरेपछि केही समय केन्द्रीय सल्लाहकारको भूमिकामा रहनुभयो। किरण दाइबाट अलग भैसकेपछि केन्द्रीय सल्लाहकारहरू भूमिकाविहीन हुने भएकाले सबै सल्लाहकारहरूलाई पार्टीले केन्द्रीय सदस्यमा पदोन्नति गरेको थियो। उमेरको कारणले गर्दा भौतिक हिसाबले क्रियाशील हुन सक्नुभएन, नत्र त बेलगाम दौडिराख्ने व्यक्तित्व हो उहाँ । विचारमा खरो उहाँको विशेषता हो मार्क्सवादको अध्ययनमा गहिरो दख्खल राख्नुहुन्छ र साहित्यिक सर्जक पनि हुनुहुन्छ । उहाँ अहिले पनि हामीसँगै हुनुहुन्छ र संसद्वाद, नवसंशोधनवाद र अवसरवादका विरुद्ध अविचलित हुनुहुन्छ । जीवनमा जेल, नेल र थुप्रै यातना र हिरासत व्यहोरेको सतिसाल हो उहाँ। उहाँबाट नयाँ पिँढीले सिक्नुपर्ने कुरा धेरै छन्।

अर्का कम्युनिस्ट आन्दोलनका धरोहर हुनुहुन्थ्यो क. मदन भट्ट। पुरानो पुस्ताको कम्युनिस्ट नेता सरल र साधारण व्यक्तित्व हो उहाँको। उहाँमा लोभलालच भन्ने चीज कहिल्यै पलाएन र त जीवनको उत्तरार्द्ध र जनयुद्धले उचाइ लिइरहेको बेला २०५९ सालतिर जनयुद्धमा पूर्णकालीन बनेर हाम्फाल्नुभयो र क्रान्तिप्रतिको चाहना र जीजिविषा कति रहेछ भन्ने कुरा व्यवहारबाट युवा पुस्तालाई समेत चुनौती दिएर एउटा नयाँ मिसाइल खडा गर्नुभयो । उहाँ पनि अन्तिम समयसम्म हामीसँगै रहनुभयो । केही वर्षअगाडि क. मदन भट्ट हामीमाझ रहनुभएन। हामी उहाँको मार्गलाई अनुसरण गरिरहनेछौँ।

### सुर्खेत जिल्लामा जनयुद्धको प्रभाव र विस्तार

प्रतिक्रियावादी सरकारले रोमियो अप्रेसन, किलो सेरा टु अप्रेसन, जङ्गल सर्च अप्रेसन, कम्बिङ अप्रेसनजस्ता मानव संहारकारी अभियानहरू चलायो जसले गर्दा नेपाली आमाबुबाका होनहार छोराछोरीहरूको आमहत्या गरियो। सुर्खेत जिल्लामा २०५५ सालसम्म आइपुग्दा प्रतिक्रियावादी हत्यारो सरकारले विविध अप्रेसनका नामबाट व्यापक दमन, धरपकड गिरफ्तारी र हत्याजस्ता जघन्य अपराधका घटनाहरू दिनहुँजसो भैरहे । वैधानिक मोर्चा, ज.व.स. र मोर्चाहरू खुल्ला रूपमा काम गर्न सक्ने अवस्था रहेन र भूमिगत भएर काम गर्नुपर्ने परिस्थिति सिर्जना हुन पुग्यो। पार्टीले सेना निर्माण र फर्मेसनलाई तीव्रता दिएर लगिरहेको थियो र कारबाहीहरू गुणात्मक बन्दै गैरहेका थिए । यसलाई वहाना बनाएर प्रतिक्रियावादी सरकारले राज्यआतङ्क सिर्जना गर्ने भ्रम फैलाउने र दमन गर्ने षड्यन्त्रलाई तीव्रता दियो । वैधानिक मञ्च बनाउने र खुल्ला गतिविधिमार्फत भण्डाफोर गर्ने कुरालाई पनि नछोड्ने, निरन्तरता दिने पार्टीको नीति लागू गर्न खोजियो र क. विष्णु पोखेलको नेतृत्वमा भेरी जनवादी मञ्च गठन भयो। यसप्रति पनि प्रतिक्रियादी सरकार निरङ्कुश र फासिस्ट बन्दै २०५५ साल बर्दियाको मंगरागडीमा जनताका लोकप्रिय नेता क. विष्णु पोखेलको हत्या गर्न पुग्यो । त्यसपछि पनि खुल्ला मोर्चाबाटै वैधानिक सङ्घर्षका कार्यक्रमहरू अगाडि बढाइए । २०५५ साललगत्तै फौजी कारबाहीहरू जिल्लामा तीव्र भएर गयो। २०५५ साल वैशाख महिनामा रामघाटस्थित कृषि तथा तथा साना किसान विकास आयोजनाको वित्तीय संस्थामाथि कारबाही भयो र किसानहरूलाई ऋणमुक्त गर्दै लालपुर्जाहरू जफत गरेर वितरण गरिए । लेखफार्साको ठाँटी भन्ने ठाउँमा गणेश न्यौपाने र क. डिला थापाको जल्लादहरूले वीभत्स हत्या गरे र जनस्तरबाटै एउटा आयोग बन्यो । त्यसले गैरन्यायिक हत्या गरेको ठहर गऱ्यो। त्यस कायरतापूर्ण हत्याको पार्टी र जनताले घोर निन्दा र भर्त्सना गऱ्यो।

२०५५ सालमै रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रमा आक्रमण गरेर थ्री नट राइफल खोस्ने काममा पार्टीले सफलता हासिल गऱ्यो भने २०५६ सालमा गुमीमा रहेको नेपाल बैङ्क लिमिटेडको शाखा कार्यालयमाथि जनमुक्ति सेनाले सफलतापूर्वक फौजी कारबाही गऱ्यो र त्यहाँ भएका सम्पूर्ण सामानहरू कब्जामा लियो । यो एउटा साहसिक कारबाही थियो । जनयुद्धले एकपछि अर्को उचाइ पकड्दै गयो । २०५६ साल असार २८ गते अबलचिङ प्रहरी चौकीमाथि भीषण हमला भयो । पार्टीका ४ जना क. किरण, क. चेतन, क. निरन्तरलगायत कमरेडहरूले उच्च सहादत प्राप्त गरे । २०५६ सालको कात्तिकबाट कर्णाली जनहातेमालो अभियान सुरु भयो। त्यो अभियानले त्यो क्षेत्रको वर्गसङ्घर्षलाई नयाँ उचाइमा उठायो। जनयुद्ध नयाँ उचाइ हासिल गऱ्यो । सोही सालमा भएको प्रधानन्यायाधीशमाथिको कारबाहीले राष्ट्रिय रूपमा नै नयाँ तरङ्ग ल्याइदियो । सोत खोलाको एम्बुस पनि ऐतिहासिक रूपमा सफल रह्यो। २०५८ सालमा माघ २ गते झकबहादुर मल्लको नेतृत्वमा ऐतिहासिक जेलब्रेक भयो र ३० जना साथीहरू कारागारबाट मुक्त भएर पार्टीको सम्पर्कमा पुगे।

..............................

निरंकुश ज्ञानेन्द्रले लगाएको संकटकाललाई पहिलोपटक ठूलो चुनौती खडा गऱ्यो । २०५८ मा एयरपोर्टमा भीषण आक्रमण र विस्फोट भयो र २०५९ सालमा सुर्खेतको पश्चिम मसिनामा सफल एम्बुस र २०६२ सालमा अर्को एउटा समौजीघाटमा तत्कालीन सेनामाथि ऐतिहासिक एम्बुस गरेर फौजी आक्रमणको श्रेष्ठतालाई शानदार रूपमा पुष्टि गऱ्यो। २०६२ सालको पुस २५ गते बजारको मुटुमा रहेको रा.वा. बैंक छापामारहरूले दिनदहाडै कब्जा गरे र भएका सम्पूर्ण नगद सुन चाँदीहरू लिएर सकुशल फिर्तीको घटनाले प्रतिक्रियावादी सरकारको सुरक्षा व्यवस्था नराम्रोसँग चरमराइसकेको थियो । त्यस्तै, पूर्व पंच तथा घुम्ने काण्डका मुख्य नाइके तुल्सीप्रसाद पौडेलको घरलाई सेवोटेज गऱ्यो। गणेश न्यौपाने र डिला थापाको सुराकीमाथि रामघाटमा सफायाको कार्वाही सम्पन्न गऱ्यो।

सुर्खेत जिल्लमा सैन्य संरचनाको निर्माण २०५५ सालबाट सुरुआत भयो । क. एपोलोको नेतृत्वमा ७ सदस्यीय जिल्ला स्तरको पहिलो सैन्य संरचना बनाइयो। जसमा सदस्यहरू बालाराम सुनार, कूलबहादुर मल्ल, सीमा र रमालगायतका कमरेडहरू थिए। क. एपोलोलाई सल्यान जिल्लाको सल्ली बजारबाट गिरफ्तार गरेर कब्जामा लिई हत्या गरियो । सुर्खेत-दैलेख जिल्ला संयुक्त भएको बेला शक्ति केन्द्रीकरण योजनाअन्तर्गत क. शिवप्रसाद आचार्य (शिखर) र क. डिल्ली घर्ती (चेतन) को नेतृत्वमा २ वटा स्वाडहरू निर्माण भए। अवलचिङ्गको रेडमा दुवै जना कमान्डरको सहादतपछि क. मिलन र क. राजुको नेतृत्वमा सैन्य संरचनालाई निरन्तरता दियो। २०५८ सालको भाद्र महिनामा भद्रदेव गिरी (अर्जुन) को नेतृत्वमा ५४ नं प्लाटुन र ओमप्रकाश पौडेल (रमेश) को नेतृत्मा ५५ नं प्लाटुन निर्माण भयो। त्यसको २/३ महिनापछि सबै कम्पनीका फर्मेसनहरू सेकेण्डरी बटालियनमा रूपान्तरण भयो । २०५९ सालको वैशाखमा भेरी-कर्णालीमा अस्थायी बटालियनको संरचना बनाउने भयो र सबै प्लाटुन, कम्पनी र बटालियन फर्मेसनमा समाहित भएपछि सुर्खेत जिल्लामा ३ वटा प्लाटुनको संरचना खडा भयो। जसमा १ नं प्लाटुन कमिसार/कमान्डर जितेन्द्र र विनर, २ नं प्लाटुन कमिसार/कमान्डर सुदिप र चंचल, ३ नं प्लाटुन कमिसार/कमान्डर सोपान र क्षितिजहरूलाई जिम्मेवारी दिइयो। २०५९ सालमा सुर्खेत जिल्लामा एउटा कम्पनीको फर्मेसनको संरचना बन्यो, जसको कमिसारमा बलबहादुर खडका र कमान्डर रामबहादुर रसाइलीलाई जिम्मेवारी दिइयो।

२०६० सालपछि जिल्लामा सैन्य संरचना नराख्ने नीति बमोजिम क. प्रतीक कमसिर र क. जित कमान्डर भएको चौथो बटालियनले फौजी कार्वाहीहरूलाई निरन्तरता दियो। जिल्लामा फौजी मोर्चामा ओमप्रकाश पौडेल, देवबहादुर वली, झकबहादुर मल्ल, नरबहादुर विष्ट, कृष्ण जि.सि., ठम्मर विष्टहरूले ज.मु.से.को ब्रिगेड तहमा रहेर भूमिका निर्वाह गरे भने बटालियन स्तरमा पूर्णबहादुर वली, नवीन राना, डिल्ली सुवेदी, करसिं राना, पद्म थापा, लक्ष्मण वि.क.लगायतका व्यक्तिहरूले महत्वपूर्ण भूमिका खेलेका थिए । त्यस्तै गरेर ज.मु.से.बाट सहादत प्राप्त हुनेहरूमा पूर्णबहादुर वली, श्यामप्रसाद वली, ललित कार्की, भद्रदेव गिरीलगायतका सयौँ कमरेडले उच्च बलिदान दिए। सात दल र ने.क.पा.(माओवादी) को बीचमा १२ बुँदे समझदारी पछि ज.मु.से.लाई अस्थायी शिविर क्यान्टोनमेन्टमा लगेर राखियो र हतियारहरूलाई कन्टेनरमा लगेर थन्क्याइयो । यो साम्राज्यवादी ग्रायन्ड डिजाइनअन्तर्गत प्रचण्ड-बाबुराम मण्डलीले योजनावद्ध रूपमा जनयुद्धलाई विसर्जन गर्ने र विघटन गर्ने उद्देश्यमा अर्न्तनिहीत भएकोले खरीपाटी भेलादेखि नै दुईलाइन सङ्घर्षले उत्कर्षको रूप लिँदै गयो र अन्ततः प्रचण्ड-बाबुरामले विघटन गर्ने सम्झौता गरिसकेपछि प्रतिक्रान्तिका विरुद्ध विद्रोहको र क्रान्तिको झण्डा उठयो र सैन्यक्षेत्रमा पनि समायोजनमा (यथार्थमा समायोजन नभएर भर्ती नै थियो) जाने कि स्वेच्छिक अवकाश रोज्ने कुरामा अभिव्यक्त हुन आइपुग्यो। सुर्खेत जिल्लाको दशरथपुरस्थित कृषि केन्द्रमा पनि जनमुक्ति सेनाको छैठौँ डिभिजनको क्यान्टोनमेन्ट राखिएको थियो । सेना, सत्ता र संविधानसभाको विघटनपश्चात् २०६९ साल असारमा पार्टी विभाजित हुन पुग्यो।

### जनसत्ताको निर्माण र विस्तार

२०५७ सालमा पार्टीको दोश्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो र पार्टीले "आधार इलाका र स्थानीय सत्ता सुदृड गरौँ, केन्द्रीय जनसरकार निर्माणको दिशामा अघि बढौँ" भन्ने नारा अगाडि सार्‍यो । जनसत्ताका भ्रुणहरू त पहिलेदेखि नै थिए, अब त्यसलाई व्यवस्थित समानान्तर सत्ताको अभ्यासलाई व्यवस्थित गर्दै आधारइलाकालाई सुदृढ गर्ने योजना अगाडि बढ्यो। देशव्यापी रूपमा जिल्ला-जिल्लामा जनसत्ता गठन गर्ने कामहरू तीव्र रूपमा भए । सुर्खेत जिल्लामा पनि २०५८ साल जेठ २५ गते रजेना गा.वि.स.लाई चित्रनगर गा.ज.स.को पहिलो गाउँ जनसरकार घोषणा भयो। त्यही महिनाको २७ गते पाम्कामा, २८ गते अवलचिङ्गमा, २९ गते मटेलामा, ३० गते रानीवास हुँदै जिल्लाव्यापी जनसत्ताहरू घोषणा गरिए। चिंगाड इलाका जनसरकार, सिम्ता इलाका जनसरकार, मगरात स्वायत्त जनसरकार, हिमाल नगरपालिका जनसरकार, पश्चिम इलाका जनसरकारका विभिन्न नामले जनसत्ताहरू घोषणा गरिए। सम्पूर्ण उद्योगी व्यवसायीलाई जनसत्तामा फर्म दर्ता गरेर कर तिर्न अनुरोध गरियो र बड्डीचौरमा गएर सबै व्यापारीले कर चुक्ता गरे, यो समानान्तर सत्ताको राम्रो अभ्यास थियो।

२०६० साल जेठ २९ गते गुमी गा.वि.स.मा पहिलो जनसरकार घोषणा भयो, जसमा ऋषि गौतम प्रमुख र उपप्रमुखमा कृष्ण जि.सि. रहेको २७ सदस्यीय जनसरकारको घोषणा भयो भने २०६१ साल मंसिरमा दोश्रो जनसरकारको घोषणा भयो, जसमा प्रमुखमा कमल थापा र उपप्रमुखमा खड्ग घर्ती रहेको समिति घोषणा भयो । तेश्रो जिल्ला जनसरकार २०६२ साल पुस २९ गते रानीवास गा.वि.स.मा घोषणा भयो, जसको प्रमुखमा खड्ग घर्ती र उपप्रमुखमा भीमबहादुर मल्ल भएको समिति घोषणा भयो । सहरदेखि दूरदराजका गाउँसम्म जनसत्ता सुदृढ भयो र जनताका पिरमर्काहरू जनअदालतबाट न्याय-निसाफका कामहरू व्यवस्थित भए । गाउँमा रक्सी, जुवातास, चेलीबेटीमाथि हुने अन्याय अत्याचार, महिला, दलित तथा उत्पीडितमाथि हुने उत्पीडन, गुण्डा गर्दी र विकृति-विसंगतिमाथि पूर्ण नियन्त्रण गर्ने कामहरूले जनतामा नयाँ उत्साह संचार पैदा गऱ्यो र जाली फटाहा, सि.आई.डी. र सुराकीहरू गाउँ छोडेर सदरमुकाममा पुलिसको संरक्षणमा गएर बसे। पुराना संस्कार, संस्कृति र मूल्य-मान्यताहरूलाई विस्थापित गरेर नयाँ संस्कार, संस्कृति र मूल्य-मान्यता स्थापित गरिए। एन.जी.ओ./आई.एन.जी.ओ.हरू जसले जनतामा कनिका छरे जस्तो गरेर भ्रष्टाचार गर्ने परिपाटीको जनसत्ताले अन्त्य गरिदियो। देशको ८० प्रतिशत भू-भाग माओवादी पार्टीको नियन्त्रणमा आइसकेको थियो र जनताले आफ्नो भाग्यको फैसला आफैँ गर्न थालिसकेका थिए।

### विकास र निर्माण

जनसत्ताले विकास र निर्माणका कामलाई तीव्रता दिएर लग्यो, जनताले आफैँ बाटो घाटो, पुलपुलेसा बनाउने कामहरू नियमितजस्तै भयो । यसैको उदाहरण खम्बागाडेदेखि पलैटे हुँदै बाबियाचौरसम्मको बाटो र रातानाङ्गलादेखि धरमपोखरासम्मको बाटो पार्टीको आह्वानमा हजारौँ जनताले निर्माण गर्न जऱ्याकजुरुक उठे, इतिहासमा यो एउटा अनुपम उदाहरण थियो। जनताका दैनन्दिन समस्याहरूलाई हल गर्न जनसत्ताले पहलकदमी लिने गर्दथ्यो । इतिहासमा पहिलोपटक मालेमावादको आलोकमा सर्वहारावर्गीय चेतनाद्वारा लैस भएर जनताको चेतनाले आत्मनिर्भर अर्थतन्त्रको विकासलाई अभ्यास गरेको थियो । प्रचण्ड-बाबुराम मण्डलीले यी सबै उपलब्धिहरूलाई साम्राज्यवादीहरूसँग वर्गीय र राष्ट्रिय आत्मसमर्पण गरेर उनीहरूका एजेन्ट बन्दै प्रतिक्रान्ति गरे र एउटा घोर दक्षिणपन्थी संशोधनवादी पार्टीमा विलय गर्दै एमालेकरण गरेका छन्। क्रान्तिकारी आन्दोलनले उनीहरूलाई क्षम्य दिनेछैन।

### मुखमा संविधानसभा दिमागमा विद्रोह

प्रचण्ड-बाबुराम मण्डलीले संविधानसभालाई भन्ने गऱ्यो, मुखमा संविधानसभाको नारा दिने तर यथार्थमा दिमागमा विद्रोहको नारा लिएर चुनावमा जान निर्देशन गऱ्यो । कार्यकर्ताहरू साँच्चै त्यही हो भनेर हाम्फाले । त्यो त उनीहरूको नौटंकी मात्र थियो, कांग्रेस र एमालेसँग आत्मसमर्पण गरेर पहिलो संविधानसभाको विघटनको परिघटनाले जनतालाई छर्लङ्गै भयो, जुन कुरा हामीले भन्दै आएका थियौँ। सुर्खेत जिल्ला पनि संविधानसभाको चुनावमा होमियो र वितरित टिकट पार्टीभित्रको क्रान्तिकारीहरूलाई पाखा लगाउने एउटा गुट कम्मर कसेर लाग्यो र केन्द्रबाट मंगल वि.क.लाई दिएको टिकट खोसेर लियो र फलस्वरूप सुर्खेतका तिनवटै क्षेत्रमा विजयको झण्डा गाड्न सकेन । एउटा क्षेत्र मात्र विजयी बन्न सक्यो । ३ नम्बर क्षेत्रमा नरबहादुर विष्ट विजयी बने, अन्य २ क्षेत्रमा पार्टी एकीकृत हुन नसकेको कारणले विजय हासिल गर्न सकेन । संविधानसभाको विघटनपश्चात् प्रचण्ड-बाबुराम मण्डलीले क्रान्तिलाई धोका दिएपछि पार्टी विभाजन भयो र क्रान्तिको झण्डा उठाउँदै पार्टीलाई पुनर्गठन गर्ने ऐतिहासिक कार्यभारसहित अगाडि बढ्यो।

### बलिदानको उच्च कीर्तिमान

गणेश न्यौपाने र डिला थापाबाट सुरु भएको सहादत जनयुद्ध उत्कर्षमा आइपुग्दा सुर्खेती आमा-बुबाका होनहार छोराछोरीहरूले सुर्खेतको भूमिलाई सिंचित गरे। यस क्रममा चित्रबहादुर वली, कूलबहादुर मल्ल, भूमिसरा वली, भूषण जि.सि., वीरेन्द्र थापा, बलबहादुर बुढा, वकिल शाही, सुरेन्द्रसिंह ठकुरी, पूर्णप्रसाद शर्मा, बुद्धिप्रसाद चपाई, कर्णबहादुर राना, खडानन्द काफ्ले, तेजबहादुर दर्लामी, गंगा घर्ती, आनन्द विष्ट, पूर्णबहादुर वली, श्यामप्रसाद वली, भद्रदेव गिरी, कविराज गिरी, नवलसिं विष्ट, ललित कार्की, मेघराज राना, जुगराम चौधरी, धनबहादुर चौधरी, जनक चौधरी, रूपलाल चपाई, राजबहादुर बुढा, डिल्लीबहादुर घर्ती, देवीराम घर्ती, गोविन्द आचार्य, ढकवीर वि.क., विनोदलाल वि.क., धनबहादुर विष्ट, रामबहादुर पुन, लोकेन्द्र गिरीलगायत १७४ जना वीर-विरंगना कमरेडहरूले सहादत प्राप्त गरे भने शान्ता पोखेल, दीपा वली, गुमानसिं रानालगायत २१ जना कमरेडहरू अझै पनि बेपत्ता हुनुहुन्छ र कैयौँले घाइते र अपांगको जीवन बिताइरहेका छन्, यी सबै सहिद, बेपत्ता, घाइते र अपांगहरूको सपना साकार पार्न नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा एकीकृत जनक्रान्तिको कार्यदिशाबाट मात्र नेपालमा वैज्ञानिक समाजवाद स्थापना गरेर पूरा हुनेछ।

"निरंकुश ज्ञानेन्द्रले लगाएको संकटकाललाई पहिलोपटक ठूलो चुनौती खडा गऱ्यो । २०५८ मा एयरपोर्टमा भीषाण आक्रमण र विस्फोट भयो र २०५९ सालमा सुर्खेतको पश्चिम मसिनामा सफल एम्बुस र २०६२ सालमा अर्को एउटा समौजीघाटमा तत्कालीन सेनामाथि ऐतिहासिक एम्बुस गरेर फौजी आक्रमणको श्रेष्ठतालाई शानदार रुपमा पुष्टि गऱ्यो । २०६२ सालको पुस २५ गते बजारको मुटुमा रहेको रा.वा. बैंक छापामारहरुले दिनदहाडै कब्जा गरे र भएका सम्पूर्ण नगद सुन चाँदीहरु लिएर सकुशल फिर्तीको घटनाले प्रतिक्रियावादी सरकारको सुरक्षा व्यवस्था नराम्रोसँग चरमराइसकेको थियो ।

# युद्ध–कला सङ्ग्रहालय उद्घाटन

**विनोद सुवेदी**/ सिर्जनानगर (रामेछाप)

नेपाल कम्युनिस्ट पार्टीका सल्लाहकार समितिका सदस्य एवम् वरिष्ठ ललितकलाकर्मी लव प्रधान मित्रले जिल्लाको मन्थली नगरपालिका वडा नम्बर १ स्थित सानीमदौ सिर्जनानगरमा युद्ध-कला सङ्ग्रहालय उद्घाटन गर्नुभएको छ । महान् जनयुद्धका साथै नेपाली राजनीतिक-सांस्कृतिक आन्दोलनका ऐतिहासिक सामग्रीहरू सङ्कलन गर्ने उद्देश्यले कवि हितप्रसाद उपाध्याय-जूनमाया सुवेदी साहित्य प्रतिष्ठानले स्मृति भवन प्राङ्गणमा निर्माण गरेको युद्ध-कला सङ्ग्रहालय उद्घाटन गर्दै प्रमुख अतिथि प्रधानले जनताले देश र जनताको मुक्तिका लागि देखाएको त्याग, शौर्य, वीरता, बलिदानका सत्य र जीवन्त इतिहासलाई जोगाएर राख्न युद्ध-कला सङ्ग्रहालयले ठूलो सहयोग पुऱ्याउने बताउनुभयो । प्रधानले भन्नुभयो, 'एकीकृत जनक्रान्ति सम्पन्न गर्नका लागि यो सिर्जनात्मक कदमले ठूलो सहयोग पुऱ्याउनेछ ।' पार्टीले यसप्रकारको सिर्जनात्मक कार्यको उचित मूल्याङ्कन र प्रसार गर्ने उहाँले बताउनुभयो ।



सङ्ग्रहालयमा जनयुद्धमा प्रयोग भएका क्यामेरा, कम्ब्याट, साहित्यका साथै विभिन्न जनकलाकारहरूद्वारा सिर्जित ५० भन्दा बढी चित्रकला सङ्ग्रह गरिएको छ । समाजमा पहिले प्रयोग भएर हाल लोप हुन लागेका घरेलु उपयोगका सामानहरू पनि सङ्ग्रहालयमा राखिएको छ । प्रमुख अतिथि प्रधानले ७२ वर्षअघि कवि हितप्रसाद उपाध्यायले रचना गर्नुभएको चन्द्रवदन काव्यको पाण्डुलिपिको मेटल इचिङमा सारिएको प्रतिलिपि पनि अनावरण गर्नुभयो । त्यसैगरी उहाँले कविको ३६ औँ तथा कविपत्नी जूनमाया सुवेदीको पाँचौँ स्मृति दिवसका अवसरमा आयोजित प्रतियोगितात्मक कविगोष्ठीका विजयी स्रष्टाहरूलाई नगद पुरस्कार र सम्मानपत्र प्रदान गर्नुभयो । उहाँले यस वर्षकी असल बुहारी सानु सुवेदी र श्रमिक पृथबहादुर कार्की-मैयाँ कार्कीदम्पतीलाई जनही नगद पाँचपाँच हजार, सम्मानपत्र र दोसल्ला प्रदान गर्नुभयो ।

प्रतिष्ठानका अध्यक्ष अशोक सुवेदीको नेतृत्वको यात्रामा नेकपाका युवा नेता पूर्णबहादुर सिंह, समालोचक डा. भगवानचन्द्र ज्ञवाली, अखिल नेपाल उपयोगी कलाकर्मी संघका अध्यक्ष केशाङ लामा, अखिल नेपाल जनकलाकार संघका अध्यक्ष ढुण्डीराज अधिकारी, नेकपाका नेता एवम् ललितकलाकर्मी रत्न महर्जन, नेकपाका युवा नेता एवम् स्रष्टा रसुवाली कवि, कलाकार मोहन घिसिङ, चिराग सांस्कृतिक परिवारका कलाकार सुरेखा सब्बु, सीता परियार, कविता परियार, जर्बुट्टा कलाका कलाकार विश्वम्भर लामिछाने, स्रष्टाहरू श्यामबहादुर भावुक, जगन्नाथ आचार्य, उषा राना सिंह, शालिकराम शर्मा, श्रीराम पौडेल खत्री, राजेन्द्रप्रसाद ढुङ्गाना, नारायण निरासी, यदुनाथ वसन्तपुरे, बैरागी जेठा, आकृति सिंह, अजिता सिंह, कुशलविक्रम सिंहलगायत सहभागी थिए । प्रतिष्ठानले स्रष्टाहरूलाई पुष्पलाल-गङ्गालाल जन्मस्थल भँगेरी, जर्बुट्टा कला सङ्ग्रहालय आसुमतीटार र सिन्धुलीगढीको पनि यात्रा गराएको थियो । प्रतिष्ठानले ११ वर्षदेखि सिर्जनात्मक कार्यक्रमहरु गर्दै आएको छ ।

# युवा संगठनको तिन महिने अभियान

**रोहित ढकाल**, जनकपुर

नेकपा निकट युवा संगठन योङ रेड फोर्स धनुषाले 'युवा संगठन सुदृढीकरण तथा वैज्ञानिक समाजवादका लागि युवा अभियान' भन्ने नाराका साथ तिन महिने अभियान शूरु गरेको छ। शनिवार कार्यक्रमस्थल धनुषाको कदमचोक वरपरी सरसफाई गरि अभियानको उद्घाटन गरिएको थियो। उद्घाटन कार्यक्रममा बोल्दै नेकपा धनुषाका इन्चार्ज राजुले युवाहरूको व्यापक सहभागिता बिना एकीकृत जनक्रान्ति पुरा हुन नसक्ने बताए । उनले युवाहरूलाई सफलतापूर्वक अभियान संचालन गर्न र व्यापक रूपमा एकीकृत जनक्रान्तिमा सहभागि हुन आह्वान पनि गरे । तिन महिनासम्म चल्ने उक्त अभियानको नेतृत्व योङ्ग रेडफोर्सका धनुषा जिल्ला अध्यक्ष कालिमले गर्नेछन् । अभियानमा युवाहरुले प्रत्येक नगर तथा गाउँमा जनचेतनामूलक कार्यक्रम र सरसफाई कार्यक्रम गर्नेछन् । यस्तै युवाहरूलाई वैज्ञानिक समाजवाद स्थापनाका लागि एकीकृत जनक्रान्तिमा गोलवन्द हुन आव्हान गर्ने, राष्ट्रघाती, जनघाती, भ्रष्टाचारी, दलाल, सुद्खोर र सुराकीहरूका विरूद्ध प्रचारात्मक तथा संघर्षात्मक कार्यक्रम संचालन गर्ने साथै राजनीतिक तथा वैचारिक कार्यक्रम समेत संचालन गर्ने जनाइएको छ । योङ्ग रेडफोर्सका जनकपुर इन्चार्ज मोहित, पार्टीका जिल्ला जनसरकार प्रमुख विहारी, जिल्ला जनअदालत प्रमुख आदम, मजदुर संगठनबाट देव, धनुषाधाम नगर सेक्रेटरी महेन्द्र, सहिद परिवारबाट सुबेदा खातुनको उपस्थित रहेको उक्त कार्यक्रमको संचालन जिल्ला सेक्रेटरी अमरले गरेका थिए ।


वैदेशिक रोजगार विभागको

## अत्यन्त जरुरी सूचना !

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रूपमा समेत तयार हुनुपर्दछ ।

२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझी स्वीकृतिप्राप्त मेनपावरमार्फत् जानुहोला । एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवम् त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्न सक्ने सम्भावना हुन्छ ।

३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? यकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहोला । बुझाएको रकमको भरपाई लिन नबिर्सिनुहोला । एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ ।

४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूताबासको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा लिई जानुहोला ।

५. सूचीकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बिमा अनिवार्य गराउनुहोला । विदेश जानुअघि अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्छ ।

६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता–पत्रमा हस्ताक्षर गर्नुहोला । सोको एकप्रति आफूसँग राख्नुहोला । फरक फरक सम्झौता नगर्नुहोला ।

७. वैदेशिक रोजगारीसँग सम्बन्धित तपाईका सम्पूर्ण कागजातहरू (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बिमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला ।

८. कानुन बमोजिम सुविधा (बिमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाईमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला । विभागको स्वीकृतिबेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन । याद गर्नुहोस्, यसो गरेमा तपाईंलाई कार्बाही हुन सक्छ । यसबाट तपाई वा तपाईंको परिवार सुविधाबाट बञ्चित हुन सक्नुहुन्छ ।

९. वैदेशिक रोजगारसम्बन्धी जानकारी तथा सूचना र ठगीसम्बन्धी जानकारी जगाउन तत्काल विभागको हटलाइन फोन नं. ०१–४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला ।

१०. पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरूपले श्रम स्वीकृति लिनुहोला । करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारको तर्फबाट कुनै पनि कानुनी उपचार र सुविधा उपलब्ध हुनेछैन ।

११. महिला कामदारहरू वैदेशिक रोजगारीको लागि साउदी अरेविया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रूपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिसा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला ।

१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला ।

१३. वैदेशिक रोजगारीका लागि प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्नुहोला । कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला ।


# जनतालाई बन्दुकले छेक्नसक्दैन

**झपेन्द्रराज बैद्य**



आआफ्नो पालामा यो कुरा सबैले भन्छन् जनतालाई बन्दुकले छेक्नसक्दैन। जनता शक्तिशाली छन्। जनता सार्वभौम छ। के.पी वलीले यही कुरा भन्छन्। प्रचण्डले पनि यही कुरा भन्छन्। शेर बहादुर देउवाले पनि यही कुराको रट लगाउदथे। बिद्रोहीको त यही कुरा सत्य हुन्छ। उनीहरुको राज्य सत्ता हुदैन। यसैको लागि उनीहरु लडेका हुन्छन्।

जसै जसै परिआउँदछ, संशोधनबादी सत्ताधारीहरुले जनतालाई केही ठान्दैनन्। सर्वेसर्वा हुन्छन्। सेना प्रहरी सशस्त्र प्रहरी हुन्छ। यही देखेर नेताहरुको टेम्पर बढछ। केही देख्दैनन्। अन्धाधुन्ध गोली बर्षाउछन्। हिटलर पनि त घोंडाबाट खसेथे भन्ने बिर्सन्छन्। प्रचण्डले पनि यही भनेका हुन। सबभन्दा ठूला जनताहुन्।। तर अहिले ती ठूला जनताले धोका पाए। के भनेर जनतालाई युद्धमा होमे? के भनेर ब्याक अप भए? बिच मै छोडने भए किन शुरुगरे जनयुद्ध? सहीद परिवार, अपांग र घाइतेहरुको आवाज हो यो। १६ हजार होनहार जनताको रगत नेपाली धरतिमा पोखिएको छ। त्यही रक्तरञ्जित माटोबाट रक्तिम कमलहरु फुलिरहे छन्। यो संबेदनशील कुरा हो। हेक्का राख्नू– हृदयमा लागेको घाउ निको हुनेरहेन छ। यो घाउ पुस्तौंसम्म सर्ने रहेछ। स्कूलमा गएको छोरा साँझ घर आएन। भर्खर बिहे गरेका बेहुला बेहुली पनि जनसेनामा सामेल भए। कैयौंलाई मारे। हतियारहरु संकलन गरे। नेतालाई बुझाए। टाउकाको मोल तोक्ने बिरुद्ध लडेर शीर्ष नेताहरुलाई जोगाएर राखे जनजसेनाहरुले। कैयौं युवाहरु सहादत भए। घरघरमा रुवाबासी भयो। सुराकीहरु गाउँमा बस्न सकेनन्। जता ततै धुवाको मुश्लो उड्यो। आकाशमा कालो बादल मडारियो। तर बिस्तारबाद र साम्राज्यबादको निर्देशनमा रातारात १२ बुंदे सहमती गरियो। साम्राज्यबाद र बिस्तारबादको लागि खुशिको खबर भयो यो। भागेर शहर पसेकाहरुले फर्कने मौका पाए। संशोधनबादीहरु निकै रमाए। जनता जे सुकै गरुन्। नेताहरु पुरानै कुर्सीमा पदासिन भए। नयाँ परिबेशमा आएका नेताहरुले केही गर्लान कि भन्ने ठानेर सबभन्दा बढी सीट ल्याएर आए चुनाबमा। तर संबिधानसभाको चुनाबमा भने भगौडा भनेर तेस्रो पार्टीमा डिमोशन भए। निर्बाचनमा हार खानु धोकाको परिणाम हो। पछि गठबन्धनबाट केही सिट हातलाग्यो। यो मा.केको लागि सकारात्मक कुरा हो। एउटै बिचार एउटै लक्ष्य भएसि गठबन्धन हुनु केही आश्चर्यको कुरा भएन। यसमा किन पेट दुख्नू? खोला सागरमा पस्यो। यो हो माकेको बिलोपीकरण। एमाले त जहाँको त्यहीँ छ। उसलाई केही भएन। सत्ताको हरीयो घाँस देखाएर एमालेले तान्यो मा.के.। एमालेलाई सत्ता टिकाउन केही सीट चाहिएको हो। भयो। यसमा ने.का. डराएर रोइकराइ गर्नुपर्दैन। वास्तबमा तीनवटै पार्टीको बर्ग चरित्र एउटै छ। बाम भन्ने त नाममात्र हो। यसमा कम्युनिष्टको कनै गन्ध छैन। साइनो पनि छैन। जनतालाई भ्रमपार्न कम्युनिष्टको लोगो भने छ। पछि यही लोगोको पनि बोझ हुनेछ। कम्युनिष्टको आधारभूत सिद्धान्त केही छैनन्। बर्ग संघर्ष छैन। बर्ग समन्वय छ। राष्ट्रियताको स्खलन छ। समाजिक दलाल पुँजिबादले च्याँपेको छ। आइ एन जी ओले गाँजेको छ। जति समृद्धि र बिकास भने पनि हुने बिरुवाको चिल्लो पात छैन। कार्या नीति छैन। कुनै योजना र कार्यक्रम छैन। बोल्नलाई त जे बोले नि हुन्छ। सबैको समृद्धि र बिकास भए, सबैलाई गास,बास भए अरु के चाहियो र।

**अहिलेको नयाँ प्रसंग, प्र.म. के.पी. ओली भारत भ्रमणमा गएका छन् । जानु पनि पर्छ तर जनताले भारतबाट हुने असमान सन्धीको पराकाष्ठा बेहोरेका छन् । तीतो अनुभब छ । प्र.म.लाई हात खुट्टा बाँधेर पठाउनु पर्छ र ? म्यान्डेट पाएका प्र.म.ले आफ्नो बिबेकले देशको हीतमा जे पनि गर्नसक्छन् । तर इतिहासले संत्रस्त बनाएको छ । अरुण तेस्रोको शिलान्यास डिजिटल प्रबिधिबाट भारत मै गरिएको छ । यो हो भारतीय शासकको ठाडो हस्तक्षेप हो ।**

पंचायत कसले ढल्छ भनेको थियो र । आखिरिमा ढलेर गयो। जनताले सत्ता परिवर्तन चाहन्छन्। अग्रगमन खोजेका हुन्छन्। यथास्थितिबादीहरुले भने पश्चगमनको यात्रा मनपराउछन्। राष्ट्रीय स्वाधीनतामा आँच आए देशभक्त एक जुट हुन्छन्। रातारात सत्ता कायापलट हुनसक्छ। जनताको साम्ने केही लाग्दैन। साच्चै नै जनता सबभन्दा ठूला हुन। बन्दुकले जनतालाई छेक्नसक्दैन। खाशमा भनेको साम्राज्यबाद बिस्तारबाद सामन्तबाद बिरोधी जनता हुन्। जसले जति भट्टाए पनि दलाल पुँजिबादमा सत्ताले स्वतन्त्ररुपले शासनगर्न सक्दैन। जगजाहेर छ साम्राज्यबाद र बिस्तारबादको निर्देशनमा राज्य चलेको हुन्छ। बिकास र समृद्धि देखाउने नारा हुन। यही बिहारी संसदबाट समृद्धि हुन सक्दैन। खै एमालेले पहिले पनि सत्ता सम्हालेको थियो। मा.के पनि सत्तामा बसेकै हो। कांग्रेस धेरैसम्म सत्तामा बस्यो। खै के भयो ? जस्ताको तस्तै। गिरिजाले पनि समाजबाद भन्थे। नामले केही गर्दैन। गरिबले पनि धन बहादुर नाम राख्न सक्छ। भारतीय प्रधान मन्त्रि मोदीले पनि त समाजबाद कै नारा लगाएका छन्। संसदबादको बिकृति बिसंगतिलाई ढाकछोप गर्न समाजबादको नारा आएको छ। साम्राज्यबादको चालबाजी हो यो।

अहिलेको नयाँ प्रसंग, प्र.म. के.पी. ओली भारत भ्रमणमा गएका छन् । जानु पनि पर्छ तर जनताले भारतबाट हुने असमान सन्धीको पराकाष्ठा बेहोरेका छन् । तीतो अनुभब छ । प्र.म.लाई हात खुट्टा बाँधेर पठाउनु पर्छ र ? म्यान्डेट पाएका प्र.म.ले आफ्नो बिबेकले देशको हीतमा जे पनि गर्नसक्छन् । तर इतिहासले संत्रस्त बनाएको छ । अरुण तेस्रोको शिलान्यास डिजिटल प्रबिधिबाट भारत मै गरिएको छ । यो हो भारतीय शासकको ठाडो हस्तक्षेप हो ।

# महाकालीमा अखिल (क्रान्तिकारी)को अभियान

**पदम राज उपाध्याय**, कञ्चनपुर

अखिल (क्रान्तिकारी)को महाकाली समन्वय समितिले तिन महिने संगठन बिस्तार तथा सुदृढीकरण अभियान शुक्रबारदेखि शुरु गरेको छ । क्रान्तिकारीले सिद्धनाथ विज्ञान क्याम्पसमा एक कार्यक्रम आयोजना गरी अभियानको उघाटन गरेको हो । केही समय अघि मात्र सो संगठनले राष्ट्रिय सम्मेलन सम्पन्न गरेको थियो । सम्मेलनपछि महाकालीमा संचालन हुन लागेको तिन महिने अभियानमा क्रान्तिकारीले प्रत्येक विद्यालय एवं कलेजहरुमा पुगेर संगठन विस्तार गर्ने र सुदृढ गर्ने जनाएको छ । अभियानको उदघाटन कार्यक्रममा बोल्दै अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बिरेन्द्र लुहारले महाकालीका चार ओटै जिल्लाका हरेक विद्यालयमा तीन महिनामा संचालन गरिसक्ने बताएका छन् । उद्घाटन कार्यक्रमको संचालन प्रकाश जप्रेलले गरेका थिए ।

यसैविच अखिल (क्रान्तिकारी) चितवनका जिल्ला सह-सचिव सुदीप पौडेललाई प्रहरीले गिरफ्तार गरेको छ । प्रहरीले सोधपुछको लागि भन्दै सप्तगण्डकी बहुमुखी क्याम्पस परिसरबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा लगिएको, हालसम्म पौडेलको स्थिति सार्वजनिक नगरिएको अखिल क्रान्तिकारीले बताएको छ । विद्यार्थी पक्राउको विषयलाई लिएर क्रान्तिकारीका पश्चिम ताम्सालिङ क्षेत्रीय समन्वय समितिका संयोजक बद्री अधिकारीले विज्ञप्ति जारी गरी तत्काल बिनाशर्त रिहाइको माग गरेका छन् ।

संस्मरण

# महाभारतपछिको महाभारतयात्रा

हिमशिखर

सोभियत सङ्घको विघटनपछि साम्राज्यवादद्वारा समाजवादमाथि विषबमन गर्दै 'मार्क्सवादको अन्त्य' 'इतिहासको अन्त्य' को अफबाह फैलाइरहेको बेला सगरमाथाको देशबाट संसारका श्रमजीवी जनतालाई आशाको सञ्चार हुने गरी सर्वहारा वर्गको अग्रदस्ता ने.क.पा.(माओवादी) को नेतृत्वमा अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा जकडिएर रहेको नेपाल र नेपालीलाई मुक्त गर्ने ध्येयका साथ २०५२ फागुन १ बाट नेपाली धर्तीमा सञ्चालित महान् जनयुद्धका आँधीमय दस वर्षका आरोहअबरोह, घुम्ती-मोडका साथै गम्भीर क्षति र महान् उपलब्धिबाट पार गर्दै हजारौँ योद्धाहरूको रातो रगतद्वारा सिञ्चित लालझन्डालाई सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा फहराउने अन्तिम तयारी हुँदै थियो ।

जनयुद्ध तथा जनताद्वारा लडिने महान् लडाइँको क.माओले विकास गर्नुभएको दीर्घकालीन जनयुद्धका तीन चरण (रणनीतिक रक्षा, सन्तुलन र प्रत्याक्रमण) मध्येको अन्तिम चरण रणनीतिक प्रत्याक्रमणको चरणअन्तर्गत 'ढाडमा टेकेर टाउकोमा हान्ने' मूल योजनालाई साकार रूप दिन भित्री मधेस अथवा रणनीतिक महत्वको इलाकाका रूपमा महाभारत क्षेत्रलाई पार्टीले विशेष तयारीको स्थलका साथै आधारइलाकाका रूपमा विकास गरेको थियो । एउटा आधारइलाकाका वरिपरि सयौँ इलाकाहरू निर्माण गर्ने नीतिअनुरूप पार्टी महाभारत क्षेत्रमा प्रवेश गरेको थियो । अपशोच □ जनताको नेता जनताको नभएपछि र क्रान्तिको नायक नै क्रान्तिकारी नभएपछि वा कम्युनिस्ट पार्टीको नेता नै मार्क्सवादका मूल प्रस्थापनाबाट विचलित भएपछि जितिएको क्रान्ति वा जितिन लागेको क्रान्ति पनि हारिँदो रहेछ । नेपाली श्रमजीवी सर्वहारा वर्गको आमूल परिवर्तनको अथवा क्रान्तिको महान् लक्ष्य र उद्देश्य साकार हुन नपाउँदै, जनयुद्धको महासमरमा हाँसीहाँसी ताता गोली पिएर मृत्यु वरण गर्ने हजारौँ सहिद, बेपत्ता तथा घाइते योद्धाहरूको स्वर्णिम संसार सजाउने सुन्दर सपना विपनामा रूपान्तरण हुन नपाउँदै क्रान्तिको नायक लरबराएको र क्रान्तिले धक्का खाएको एक दशकपछि ओभानोमा परेको माछाझैँ मुर्छिएको क्रान्ति पुनर्जीवित भएको छ र आगोको फिलिङ्गोझैँ जागेको छ, एकीकृत जनक्रान्ति भएर ।

अधुरो रहेको क्रान्ति सम्पन्न गर्ने दायित्वसहित मार्क्सवादको मूल पाठ अध्ययन गर्ने र गराउने सिलसिलामा पार्टीको केन्द्रीय स्कुलिङ विभागका सदस्यहरू क. रणवीर क.गम्भीर र क.गतिको उपस्थितिमा सुर्खेत जिल्लाको दुलालथाईमा २०७४ माघ १७-२२ गते भेरी-कर्णाली क्षेत्रस्तरीय अगुवा कार्यकर्ताको उपस्थितिमा सञ्चालन भएको एकहप्ते स्कुलिङ सकेर एकीकृत जनजागरण अभियानका क्रममा सुर्खेत जिल्लाको कर्णाली भनेर चिनिने भेरीपारिको गाँउ तरङ्गामा पुगेको थिएँ सहयोद्धा क. भीम कठायतको साथमा । उहाँले नै परिचय गराउनुभयो पूर्वजनमुक्ति सेनाका क. खड्गसिंह दम्पतीलाई । हुम्ला घर भएका उहाँहरू थुप्रै युद्धमोर्चा लडेका बहादुर, योग्य, लडाकु तथा क्रान्तिकारी योद्धा, संयुक्त राष्ट्रसङ्घको शान्ति मिसन अनमिनले अयोग्यको बिल्ला भिराइदिएका अब्बल दर्जाका योग्य जनमुक्ति सेनाका राता सिपाही हुनुहुन्थ्यो । हाल नातेदार ठेकेदारको निर्माण कार्यको रेखदेखको जिम्मा लिएर भेरीपारि तरङ्गा गाउँको निर्माणाधीन हस्पिटलको छेउमा सपरिवार पालको छानामुनि जाडोको मौसममा अगेनाको सहारामा रात काट्न विवश छन् । लालाबालाहरूको शिक्षादीक्षाको ठेगान नभएका उहाँले हामी त्यहाँ पुगेपछि आफूहरू जनसेना हुँदा लडेका युद्धमोर्चामा ढलेका आफ्ना प्रिय सहयोद्धाहरूको रगतले भिजेका हतियार र सहिदहरूको स्मरण गर्दै भक्कानिएर आफ्नो मनमा सँगालेर राखेका भावनाका पोकापुन्तुराहरूको बिस्कुन बिसाए र एकीकृत जनक्रान्तिको सिपाही भएर देखाइदिने प्रण गरे । प्रचण्ड-बाबुरामहरू क्रान्तिबाट विचलित भएर आत्मसर्पण गरेको उनको निष्कर्ष छ । तर नेपाल र नेपाली जनता विदेशीहरूको नाङ्गो उपनिवेश र दासता सहेर धेरै दिन नबस्ने उनको ठम्याइ छ । यी त एउटा प्रतिनिधि पात्र मात्र हुन् । जनयुद्धमा आफ्नो ज्यानको बाजी थापेर लडेका कैयौँ योद्धाहरू अरबको गर्मीमा कष्टकर जीवन ज्युन बाध्य छन् । रात छिप्पिँदासम्म मनका गन्थनहरू साटासाट गर्यौं । बिहान सबेरै उठ्यौँ र दरिला हातहरू हल्लाएर पश्चिम/दक्षिणको बत्तिसे खोला हुँदै सुकुरमालाको लेकतिर बढ्यौँ ।

तीनमहिने एकीकृत जनजागरण अभियानको सिलसिलामा सुर्खेत जिल्लाको तोलीखोलापारि लेकपराजुल, औलपराजुल, ऐभानखोला हुदै पूर्वउत्तर मालारानी गैरीबजार भएर सुर्खेत र सल्यानको सिमाना काल्चेको डाँडोमा पुगेपछि तत्कालीन शाही नेपाली सेनाले ध्वस्त पारेको सहिद स्तम्भको भग्नावशेषको अवलोकन सहयोद्धा कमरेड लालवीरले गराउनुभयो । काल्चेको ओरालो झरेर असुरेनी, पिप्ले हँदै शारदा नदीको छेउ लामीतरा गाउँ क.चेतनको घरमा बास बस्यौँ । भोलिपल्ट अर्थात् फागुन १९ गते बिहान जङ्गलैजङ्गलको उकालो चढेर १२ बजे दाङ जिल्लाको पश्चिम पातीहाल्ना भन्ने गाउँमा पुग्यौँ । जनयुद्धकालमा जनमुक्ति सेनाको बाक्लो उपस्थितिले महोत्सव चलिरहेको स्थानझैँ लाग्ने यो गाउँमा जनसत्ता र जनअदालत स्थापनासहित जनमुक्ति सेनाका युनिफर्म तयार पार्ने कारखाना, ड्राइफुडका फ्याक्ट्री सञ्चालन र सामूहिक खेतीप्रणालीले हराभरा भैरहने उक्त ठाउँ आज निरस-निरस लाग्ने उजाडजस्तो अनुभूति हुने गरेको छ । तत्कालीन स्थानीय जनसत्ताका प्रमुख ७५ वर्षीय भीमबहादुर कुँवर् (क. सक्रिय) लाई । उहाँलाई जनयुद्धका लक्ष्य र उद्देश्यको विसर्जन भएकोमा चित्त बुझेको छैन र बालुवामा पानी खन्याएजस्तो अनुभव भएको छ । जारी क्रान्तिको नेतृत्वमाथि पनि 'जुनै जोगी आए पनि कानै चिरेका' भनेझैँ शङ्का उत्पन्न गराइएकाले त्यसो नगर्न सुझावसमेत प्रकट गर्नुभयो ।

अहिलेको सत्ता सञ्चालनको तरिकाप्रति असन्तुष्टि ब्यक्त गर्दै उहाँ भन्नुहुन्छ, 'मैले त्यत्रो वर्ष जनसत्ताको प्रमुख भएर जनताको न्यायनिसाफका कामहरू गरेँ तर अहिले सानातिना झैझगडामा पनि पाँच-छ सय रुपैयाँ घुस खाएर उल्टोसुल्टो न्यायनिसाफ गर्छन् । मलाई वाक्कदिक्क लाग्ने गर्छ र भेला बैठकमा पनि जान मन लाग्दैन । शान्तिप्रक्रियापछि कोही कतै लागे, कोही कतै म त आफ्नो क्रान्तिकारी विचारबाट एकरत्ति पनि डगमगाएको छैन । काङ्ग्रेस, एमाले तथा हिजोका खुँखार राजावादीलाई व्यङ्ग्य गर्दै उहाँ अगाडि थप्नुहुन्छ, 'सीता ल्याउने हनुमान पगरी बेर्ने गुना' जस्तै भएको छ आज । यो प्रमुख भन्ने पदको नामनिशानै रहेन, प्रचण्डको एउटा हस्ताक्षरमा सारा स्वाहा भयो । अहिले काङ्ग्रेस र एमालेसँग घाँटी जोडेर यो लीला देखाउनु थियो भने हिजो त्यत्रो सपनाको खेतीमा किन लगाइयो ? रक्तसिँचाइ गर्दै हजारौँ नेपाल आमाका सन्तानहरूको बलिदान गर्न किन लगाइयो ? उहाँ प्रश्न गर्नुहुन्छ ।

घाँसको भारी बिसाएर थकाइ मारेपछि आफ्ना बुढाको कुरा काटेर जनमुक्ति सेनाका योद्धाहरूको सम्झना गर्दै आफ्नो विगत कोट्याउनुभयो बूढी आमाले- क. दामोदर, क. सौगातलगायत बाबुहरू काँ होलान्, अहिल्यै भेट्नाउँ भनेजस्तो भा' छ । अब त दैवको घर गइन्छ होला उहाँहरूसँग भेट नभएर, हाम्रो घर बनाउँदा कति सघाएका थिए तिनीहरूले ।

उहाँहरूसँगको मीठो

... बाँकी पृष्ठ ७ मा

पृष्ठ १ बाट क्रमशः

# "थोत्रा किताब" र केपी ओली

बाटोमा कोही बाधक बनेर आउँछ भने उसले त्यसलाई किच्दै अघि बढ्नुको विकल्प हुँदैन । पश्चगामी यात्राका महारथीहरु महान इतिहासको पाङ्ग्रामुनी परेर नष्ट हुनुको विकल्प रहँदैन ।

काउत्स्की, ख्रुश्चेभ र तङ साओफङका शिस्यहरु भन त मार्क्सवादी पुस्तक कसरी थोत्रा भए ? अनि तिमीहरुका फोस्रा भाषण कसरी नयाँ भए । देशमा स्थापित राष्ट्रिय उद्योगहरु हेटौडा कपडा कारखाना, बुटवलको धागोकारखाना, भृकुटी कागज उद्योग, बालाजु र पाटनका उद्योगहरु, हिमालय सिमेन्ट कारखाना, छाला जुत्ता कारखाना, लुम्बिनी चिनी मिलहरुमध्ये कतिपयलाई दलालहरुको हातमा बेच्नु र कतिपय उतिखेरै हटाउनु अनि देशलाई साम्राज्यवादी बजार बनाउनु-यही हो नयाँ कुरा ! गरीब-दुःखी जनताको टोलटोलमा विद्यालयको सट्टा चर्चहरु स्थापना गर्नु र उनीहरुलाई 'सहयोगी हात' 'मिलीजुली दाजुभाइ' जस्ता लुटका घर खोलेर बाइबल पढाउनु-यही हो मार्क्सवाद भन्दा नयाँ चीज ! बाइबलका रक्षक डोनाल्ड ट्रम्प र रामायणका गायक मोदिलाई ढोग्नु-यही हो ताजा ब्यवहार ! जनतालाई कङ्गाल बनाएर मुट्ठीभर राजनैतिक दलालहरु अर्बपति बन्नु-यही हो जीवन ब्यवहार ! ........ शान्ति, विकास र समृद्धिका नाममा जनतालाई बुटमुनि कुल्चिन खोज्नु र विकास बजेटमा नेताहरुले लूट मच्चाउनु कसरी जीवन अनुसारको सिद्धान्त हुन्छ ? त्यसकारण जनताले राम्रोसँग बुझेका छन् कि भेडाको छाला ओढेका ब्वाँसाहरु साधारण ब्वाँसाहरुभन्दा दशगुणा बढी पापी हुन्छन्, मुस्कुराईरहेका बाघहरु दाह्रा र नङ्ग्रा फिजाएर गर्जने बाघ भन्दा दशगुणा बढी डरलाग्दा हुन्छन् र चिनीले बेरिएका गोलीहरु साधारण गोलीभन्दा दशगुणा बढी विध्वंशक हुन्छन् ।

जसरी अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा बिग्रिएका कम्युनिस्टहरुले फाँसिवादी भूमिका खेलेका थिए त्यसरी नै नेपालमा कुहिएका कम्युनिस्टहरुले सोही भूमिका खेल्न थालेका छन् । पीके र केपीले त्यस्तै भूमिका खेल्दैछन् जस्तो जर्मनीमा शीदेमानले रोजा लक्जेमवर्ग र कार्ल लिब्कनेख्तको निर्मम हत्या गरेका थिए भने भारतमा ज्योति बसुले चारु मजुमदारको हत्या गरेका थिए ।

मार्क्सवादलाई "थोत्रा किताब"को संज्ञा दिने केपी ओली र पीके दाहाल ज्यू, मार्क्सवादका आधारभूत सिद्धान्तहरुमध्ये कुन चाँहि थोत्रो भएको छ । वर्गसंघर्षको सिद्धान्त आधारभूत रुपमा साम्यवाद नआएसम्म बैज्ञानिक हुन्छ । निश्चय नै अहिलेका उत्पीडित र उत्पीडकको स्वरुप बदलिएको छ । नेपालमा सामन्तवादको सट्टा दलाल पुँजीवाद नेपाली जनताको प्रमुख दुश्मन बनेको छ । किसान, मजदुर, सिपाही, सुकुम्बासी र मध्यमवर्ग क्रान्तिका प्रेरक तत्वहरु बनेका छन् । अन्तर्राष्ट्रियरुपमा निगम पूँजीवाद तथा उत्तर साम्राज्यवाद श्रमिक जनताको दुश्मन हो । वर्ग संघर्षको उच्चतमरुप सशस्त्र संघर्ष हो । मार्क्सले 'पुरानो समाजबाट नयाँ समाज जन्माउन बलले धाईको भूमिका खेल्छ' भन्ने कुरा आज झन् बैज्ञानिक सावित भएको छ । केपी ओली र पिके दाहालले पुरानो समाजबाट नयाँ समाज बैज्ञानिक समाजवाद जन्माउन बाधक बन्दछन् भने जनता बल प्रयोग गर्न तयार हुन्छन् । दलाल संसदीय ब्यवस्था बचाउन उनीहरु सेना प्रहरीको प्रयोग गर्छन भने जनताले हातमा दही जमाएर बस्दैनन् । 'बन्दुकबाट छुट्टि पाउन बन्दुक उठाउनैपर्छ' भनेर माओले व्यवहारिक परीक्षणविना भन्नुभएको होइन । सशस्त्र क्रान्तिबाट सत्ताच्यूत भएको वर्ग जनताको जनवादी अधिनायकत्वबिना हातमा दही जमाएर बस्दैन । उसको प्रतिक्रियावादी आदत नियन्त्रण गर्दै पुनर्संस्कार गरेर मात्र वास्तविक मानव जातिको समाज व्यवस्थालाई साम्यवादमा पुऱ्याउन सकिन्छ । सर्वहारा अधिनायकत्व अथवा जनताको जनवादी अधिनायकत्व बैज्ञानिक समाजवादी संक्रमणकालको विधि नै हो । त्यसैले मार्क्सले १८४८-१८५० को फ्रान्सेली क्रान्ति असफल भइसकेपछि 'फ्रान्समा वर्गसंघर्ष १८४८-१८५०' नामक कृतिमा भन्नुभएको छ -

'समाजवाद स्थायी क्रान्तिको उदघोषण हो, सामान्यतः वर्गविभेदको उन्मुलन गर्न, त्यस वर्ग (विभेद-अनु.)मा आधारति रहने सम्पूर्ण उत्पादन सम्बन्ध उन्मुलन गर्न, त्यो उत्पादन सम्बन्ध अनुरुपरहने सम्पूर्ण सामाजिक सम्बन्ध उन्मुलन गर्न, त्यो सामाजिक सम्बन्धको परिणामकारुपमा सम्पूर्ण बिचारको क्रान्तिकारीकरण गर्न आवश्यक रहन्छ।'

यति बैज्ञानिक संश्लेषण गरिएको मार्क्सवादको माथि उल्लेखित किताब कसरी थोत्रो भयो ? यसकारण थोत्रो भयो कि उनीहरुले साम्राज्यवाद र पूँजीवादको दर्शन बहुलवादमा विश्वास गर्न थाले । त्यसैमा पूर्णरुपले आत्मसमर्पण गरे । उनीहरुले वर्गसंघर्ष, सशस्त्र संघर्ष एवं इतिहासमा बल प्रयोगको भूमिका र जनताको जनवादी तथा सर्वहारावर्गको अधिनायकत्वको विरोधमा उत्रिएर जनतालाई आफु दलाल पूँजीवादी भएको स्पष्ट पारेका छन् । नत्र भने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भन्दा अधिभूतवादी आदर्शवाद नयाँ कसरी हुन्छ ? त्यसकारण केपी ओली र पीके दाहाल साम्राज्यवादका दलाल सावित भएका छन् ।

मार्क्स र एङगेल्स आफैले भन्नुहुन्थ्यो-'मार्क्सवाद कुनै जडसुत्र होइन, बरु कार्यमा पथप्रदर्शक हो ।' अनि यो कसरी थोत्रो हुन्छ । स्वयं भौतिकवाद गतिको सिद्धान्त हो । त्यसकारण हामीले भनेका छौं कि आज मार्क्सवादका आधारभूत सिद्धान्तलाई दह्रोसँग पकडेर यसको विकास गर्नुपर्दछ । यो विकासको मुर्तिकरण कार्यदिशा र कार्यक्रममा हुन्छ ।

त्यसकारण हामीले कार्यदिशामा एकिकृत जनक्रान्तिको विकास गरेका छौं । हामीले हाम्रो कार्यक्रम बैज्ञानिक समाजवादमा विकास गरेका छौं । अनि संसारभरी सिनो खोज्दै हिड्ने गिद्धहरुले हामीलाई थोत्रो किताब पढेर वा थोत्रो सिद्धान्त रटेर क्रान्ति हुँदैन भन्दै बकवास गर्ने ? मार्क्सवादमा कही सुतली बमको सिद्धान्त हुन्छ भनेर उडाउने धृष्टता गर्ने ? सुतली बमको सिद्धान्त र नियम नभए कसरी त्यो पीके दाहाल र केपी ओलीको टाउकोमा विस्फोट हुन्छ त ? सिद्धान्त थाहा नभएका मुर्खहरुले सिद्धान्तका कुरा नगर्दा ठीक होला कि ? मार्क्सवाद परित्याग गरिसकेका र नवप्रतिक्रियावादमा पतन भइसकेकाहरुले आफ्नो पार्टीको नामबाट कम्युनिस्ट हटाउँदा नै जनता भ्रमबाट मुक्त हुनेछन् । हामी भने लेनिनको उक्ति दोहोऱ्याइरहनेछौं-'क्रान्तिकारी सिद्धान्तविना क्रान्तिकारी आन्दोलन हुनै सक्तैन ।'

श्री केपी ओलीले 'खेल र खाल उठिसक्यो अब च्याँखे थापेर हुँदैन' भन्ने अभिब्यक्ति रिपोर्टर्स क्लवमा उभिएर नेपाल कम्युनिस्ट पार्टीलाई औलो ठड्याएका छन् । उनले पीके दाहाललाई साक्षी राख्दै उनलाई जुवा हारेको र खेल हारेको सावित गरेका छन् । नेकपालाई जुवा हारेको खालमा च्याँखे थाप्न खोजेको भनी गम्भिर आरोप लगाएका छन् । श्री केपी जी, हामी पीके दाहाल जस्ता क्रान्तिलाई जुवामा दाउ लगाइदिने हारेका जुवाडे होइनौं । हामी बलियो जुवाडेको साथ लिएर कमजोरलाई हराउने च्याँखे पनि होइनौं । हामी जनतालाई बलियो बनाएर उनीहरुमाथि आधारित भइ क्रान्ति जुवामा हालेर भाग्नेलाई जुवा खालमै गाडेर अघि बढ्ने निरन्तर क्रान्तिका योद्धाहरु हौं । हार र जीतबाट गुज्रँदै अन्तिम विजय हासिल गर्न खुकुरीको धारमा हिड्न तयार भएका जनताका बफादार सिपाहीहरु हौं ।

केपीले रिपोर्टर्स क्लवमा रिपोर्ट गरेका छन-साम्राज्यवादलाई खुसी पार्न । उनले भनेका छन्-'शान्ति खलबलिन दिइन्न, समृद्धिको यात्रा रोकिदैन...।' नेकपाका विरुद्ध साम्राज्यवादको साथ लिएर यो धम्की ! गद्दारहरुले यो याद गर्नुपर्दछ कि साम्राज्यवादको काल उसकै पेटमा उम्रदै गएको छ । अन्ततः अति एकाधिकार नै साम्राज्यवादको काल हो जसलाई हामीले उत्तर साम्राज्यवाद भनेका छौं । हामी शान्ति र समृद्धिका विरोधी होइनौं, बरु त्यसको बलियो पक्षपाती हौं । इतिहासले धेरैपटक सावित गरिसकेको छ कि शान्ति र समृद्धिको बाधक साम्राज्यवाद र त्यसका घरेलु दलालहरु हुन् । अमेरिका शान्ति, समृद्धि, प्रजातन्त्र र मानव अधिकारका कुरा गर्दछ । तर त्यो नै यस्तो साम्राज्यवाद हो जसले शान्ति, समृद्धि, प्रजातन्त्र र मानव अधिकारको मुकुन्डो लगाएर भर्खरै सिरियामा आइएस नामक गुण्डाहरु लिएर ४ लाख ५० हजार भन्दा बढि जनताको कत्लेआम गरिरहेको छ । यसमा रुस पनि प्रत्यक्ष रुपमै संलग्न छ । त्यहाँ १ करोड भन्दा बढि जनता विस्थापीत भएका छन् । अग्रगामी चेतनालाई 'थोत्रा किताब' भन्ने केपी ओली र पीके दाहाल कसरी शान्ति र समृद्धिका अग्रदुत हुन्छसक्छन् ? यी वास्तवमा क्रान्तिकारी आन्दोलनबाट भागेका भगौडाहरु हुन् भन्ने कुरा कोटी-कोटी जनताका मन मतिष्कमा अंकित छ । यी साम्राज्यवादको पूजा गर्दछन् भन्ने कुरा पनि दुनियाँले बुझेका छन् । यी पश्चगमनतिर फर्केका प्रतिगामीहरुले कसरी देशमा समृद्धि ल्याउँछन् । यी शान्ति र समृद्धिका बाहक होइनन्, जनताको सम्पत्ति लुट्ने लुटेराहरु हुन् । यिनले जनताको सम्पत्ति ढुकुटीबाट रित्याएर लाजै नमानी श्वेतपत्र जारी गरेका छन् । उनीहरुले मन्त्रीहरु र सांसदहरु तलबमान बढाइरहेका छन् र विकास बजेटमा भ्रष्टाचार गरिरहेका छन् । देशको विशाल जलश्रोत भारतलाई सुम्पेर ढाडिएका जुकाहरुले क्रान्तिकारीहरुलाई दमन गर्ने र आफ्नो लागि शान्ति ल्याउने दुस्साहस गर्दैछन् ।

यो देशमा स्थापित राष्ट्रिय उद्योग र कलकारखाना बेचेर खानेहरुले कसरी समृद्धि ल्याउन सक्छन् ? यहाँबाट कुनै पनि चीज निर्यात हुँदैन । साम्राज्यवादी बजार बनेको छ यो देश ।

अन्तत : मार्क्सवादी किताब र सिद्धान्त थोत्रा भएका होइनन्, बरु केपी र पीकेका दिमाग थोत्रा भएका हुन् । उनीहरु नै थोत्रो साम्राज्यवादका थोत्रा शिस्यहरु हुन् ।

कविता

## d}n] ;To af]n]F



आरपी तिमिल्सिना

मेरा बाले बडो जतनसाथ पालेको
ठूलो मान्छे बनाउने सपना सजाएको
जब समय पुग्यो
छोरो डाक्टर बन्न सकेन
पाँच वर्षपहिले बीस लाख नपुगेर
बाबाका सपनाका केही सिँढी झरेर
छोरालाई मास्टर बनाउने योजना बन्यो
बाबाले मलाई भन्नुभयो,
'अब कमाउने तेरो पालो
सुख पाउने मेरो पालो'
मैले मास्टर नबन्ने बरु,
धेरै विद्यार्थी पढाउने र,
न्यायपूर्ण समाज निर्माण गर्ने
नयाँ विद्रोहको गीत गाउने
कसम जब सुनाएँ बाबालाई
म घरबाटै लखेटिएँ
किनभने मैले सत्य बोलेँ ।

सत्यको बाटोमा तमाम काँडेघारी थिए
हिँड्दै थिएँ- घाइते भएँ
हाम्रै पसिनाका - विदेशबाट त्याइएका
लट्ठी, बुट बन्दुकबाट पिटिएँ
धेरै दुख्यो- घाउ अझै पिरोल्दै छ
मेरै गाउँको बेतको लट्ठीले पिटेको भए
मेरै बारीको खेतको अन्न खाएको भए
मेरै देशको सिपाहीले आदेश गरेको भए
मलाई अलिकति कम दुख्थ्यो
पुर्खासम्मका निलडाम बोकेर
मलाई मुन्ट्याइयो अन्धो अदालतमा
मलाई सोधियो,
'भन् कानुन मान्छस्
कि आतङ्ककारी बन्छस्'
मैले सहज उत्तर दिएँ-
तिम्रो जँड्याहा कानन मान्नुभन्दा
मेरो रोजाइको लालआतङ्क नै ठीक
सरासर म कारागार कोचिएँ
किनभने मैले खसखास सत्य बोलेँ ।

काराबासको निचोरिएको ज्यानसहित
म बोलाइएँ मध्यदिनमा
ध्वाँसे फलामे ढोकाबाहिर
गोरो मुख र गरुङ्गो मनसहित
मेरै प्रेमिकाको दुर्लभ उपस्थिति
नियास्रो मनसहित
भावनाहरूका वर्षा गऱ्यौ
नारी मन रुँदै भनिन्,
धोकेबाज मलाई एक्लो पार्दै
कुन जुनीको साटो फेऱ्यौ
मलाई घरको न घाटको बनायौ
भन मलाई साफसाफ भन
मेरा सङ्गीहरूका अगाडि
मैले सुनाएका मेरै कथाहरूका
कुन अनुहारले जवाफ दिऊँ
कि त म अब विष पिऊँ
म मन हाँस्दै अनुहार बिगारेको
विश्व विजेता बन्ने सपना सजाएको
मुक्ति वा मृत्युको कसम खाएको
असङ्ख्य प्रेमजोडीलाई खुसी पार्ने
वा मेरै प्रेमिकालाई गहनाले सिँगार्ने
मलाई दुविधाको लहना अब रहेन
मैले यन्त्रवत् जवाफ दिएँ
प्रिय म तिमीलाई सङ्घर्षबाटै
मँयुरझैँ मन नाच्ने सुख दिन्छु
जति मऱ्यो झन् बाँच्ने सयल दिन्छु
रोज प्रिय तिम्रो इच्छा
एक्लै मुस्कुराउँछौ वा सामूहिक खित्का छाड्छौ
...लामो निश्वासपछि
उनको अनुहारमा बादल मडारियो
मैले कोमल नारी हृदय बुझेँ
अनिच्छावश बिदाइको हात हल्लाए
म आफ्नै मान्छेको मनभित्रको जेलबाट
छुट्कारा पाए वा गोलघरमा कोचिएँ
जेहोस् जीवनमा मैले सधैँ सत्य बोले ।

## केपीको भारत ...

गर्ने हैसियतमा पुगेको छ । भारतीय एकाधिकार बजार, कृषि उत्पादित उपभोग्य वस्तुको बेरोकतोक नेपाल प्रवेश पनि हो । यो सहमतिले नीतिगत रूपमा नै बजार, जमिन र सिँचाइमा प्रभाव पार्दछ ।

मोदीले व्याख्या गर्दै भनेका थिए- सगरमाथादेखि सागरसम्म नेपाल जोडिन पुगेको छ । ओलीको नेपालमा पानीजहाज नेपाल ल्याउने सपना पूरा भयो भनी प्रचार पनि गरिएको छ । उनीहरूले उल्लेख गरेको उक्त बुँदाले नेपालमा पानीजहाज आउने होइन कि नेपालका ठूला नदीको पानीलाई सञ्चित गरेर भारतका भित्रभित्र पनि पानीजहाजबाट ढुवानी भन्ने पक्का हुन्छ ।

रक्सौलदेखि काठमाडौँसम्म रेल आउने कुरा गरिएको छ । केपीले आफ्नो पहिलो सरकारकालमा खुबै भनेका थिए । पहिलो कुरा त उनीहरूका बीचमा भएको यो सहमतिले चीनलाई दबाबमा राख्नेछ । चीनको एक क्षेत्र एक सडक (One Belt One road) को प्रतिवाद हो । दोस्रो मोदीले २०१४ मा नेपालको संसद्मा भनेका कुनै कुरा पनि पूरा गरेका छैनन् । भूकम्पमा दिन्छु भनेको कुनै सहयोग नेपालले पाएको छैन । बरु ५ महिना नाकाबन्दी पाएको छ । यो परियोजना लागू गरिँदैन । पञ्चेश्वरमा अहिलेसम्म केही पनि भएको छैन । अर्को भारतले सरकार उसको हितमा बनाउने, मन्त्रिमण्डलमा उसको प्रतिनिधि राख्ने, आर्थिक रूपमा एकाधिकार कायम गर्नुका साथै सीधै राजधानीलाई सुरक्षाका दृष्टिकोणले आफ्नो पकडमा राख्ने नीति लिएको बुझिन्छ ।

यसरी केपी ओलीको भारत भ्रमणमा जेजे भए ती राष्ट्रका विरुद्धमा रहेका छन् । त्यसैले उनको भारत भ्रमणले राष्ट्रघातलाई निरन्तरता मात्र दिएको छ ।

## जनआन्दोलन दिवस ...

वृहत प्रदर्शन एवम् विशाल जनसभाको आयोजना गरेको छ । जनसभालाई सम्बोधन गर्दै सो पार्टीका पोलिटं ब्युरो सदस्य एवं लुम्बिनी ब्युरो इन्चार्ज चन्द्रबहादुर चन्द 'विरजगं' ले जनताको मुक्ति नभएसम्म आन्दोलनबाट पछि नहट्ने वताए । उनले आफ्नो पार्टीका महासविच विप्लवलाई केपी ओलीले अराजनैतिक भनेर लगाएको आरोपप्रति टिप्पणी गर्दै स्टालिनले ख्रुश्चेभलाई लगाएको आरोप जस्तै भएको वताए । सभालाई नेकपाका केन्द्रीय सदस्य भेषराज भुषाल लगायतले सम्बोधन गरेको बुटवलबाट शिव डुम्रेले जनाएका छन् । यसैबीच नेकपा गण्डक ब्युरोले २९औं जनआन्दोलन दिवस तनहुँको दमौलीमा मनाएको छ । दमौलीमा आयोजीत जनसभालाई सम्बोधन गर्दै नेकपाका पोलिट ब्युरो सदस्य पदम राई 'विकास'ले भने 'तपाई मजदूर, किसान, सिपाही,सुकुम्बासी र मध्यम वर्गसँग हामी काँधमा काँध मिलाएर अघि बढ्न तयार छौं र तिमी दलाल, नोकरशाह र संशोधनवादीहरुसँग लड्नुको विकल्प छैन' । गण्डक ब्युरो इन्चार्ज साबित्री दुरा 'आस्था'ले सम्बोधन गरेका थिए । यसैबिच चीतवनमा जनआन्दोलन दिवस मनाइएको छ । कार्यक्रमलाई राष्ट्रिय जनप्रतिनिधि सभाकी अध्यक्ष तथा नेकपाकी पिबिएम् उमा भुजेल'शिलु'ले सम्बोधन गरेकि थिइन् । प्रमुख अतिथि भुजेलले चैत २४ को ऐतिहासिक जनआन्दोलनको स्मरण गर्दै २०४६ सालको जनआन्दोलनका धोकेबाजहरु नै अहिले सत्तारुढ भएकोले दलाल र जनघाती तत्वहरुले जनअधिकार र राष्ट्रियताको रक्षा गर्न नसक्ने" बताइन । भरतपुर महानगरपालिकास्थित हाकिमचोकमा भएको सो सभाको अध्यक्षता जिल्ला सेक्रेटरी भीमबहादुर खड्का 'ध्रुब' र सञ्चालन राजकुमार तिमल्सिनाले गरेका थिए । सो कार्यक्रममा केन्द्रीय सदस्य आधार, जिल्ला इन्चार्ज लालबहादुर बिसीलगायत नेताहरुको उपस्थिति थियो । यसैबीच नेकपाले जनआन्दोलन दिवसको अवसरमा कैलालीको धनगढीमा आयोजना गरेको सभामा प्रहरीले हस्तक्षेप गरेको छ । सभा हुँदै गर्दा नेकपाका कञ्चनपुर जिल्ला इन्चार्ज अग्नि धामी, विद्यार्थीका केन्द्रिय सदस्य बीरेन्द्र साह लगायत २ दर्जन भन्दा बढी नेताकार्यकर्ताहरुलाई प्रहरीले पक्राउ गरेको थियो । धनगढी चटकपुरबाट हिडेको जुलुसमाथि प्रहरीले धनगढी चौराहमा लाठी चलाउँदा दर्जनौं घाइते भएका छन् । घाइते हुनेमा बढी जुलुसमा सहभागी हुन आएका स्थानीय महिलाहरू रहेका छन् । यसैबीच नेकपा धनुषाले धनुषाधाम नगरपालिकास्थित तेजनगरगाउँमा २९ औँ जनआन्दोलन दिवस मनाएको छ । कार्यक्रममा सो पार्टीका धनुषा इन्चार्ज राजु कार्की, आदम कवारी, योङ रेड फोर्सका सचिवालय सदस्य मोहित बिहारी राय, अमर क्षत्री लगायतले सम्बोधन गरेका थिए । उता दाङ रुकुम बाँकेमा पनि जनआन्दोलन दिवसको अवसरमा सभाहरु सम्पन्न भएका छन् ।

## महाभारतपछिको ...

भलाकुसारी सकेर जङ्गलको बाटो हुँदै हाम्रो यात्रा अगाडि बढ्यो । दुई घन्टा हिँडेपछि सल्यान जिल्लाको नाङ्गे भन्ने गाउँमा पुगियो । जहाँ जनयुद्ध कालमा तत्कालीन शाहीसेनाले सुर्खेतको गैरीबजारबाट अन्धाधुन्द बम प्रहार गरेर क्षतविक्षत बनाएको रहेछ । संयोगले मानवीय क्षति भने भएनछ । हिजोआज प्रायः गाउँमा युवकयुवती तथा लोग्ने मानिसहरू छैनन् । कोही रोजगारको सिलसिलामा विदेशतिर छन् त कोही सहरमा । गाउँमा बुढाबुढी र केटाकेटी मात्र छन् । मर्दा-पर्दा मलामीसमेत पाउन मुस्किल छ गाउँमा । यो बाध्यता प्रायः नेपालको ग्रामीण इलाकाको समानता बनेको छ । शारदा नदी र जुमखोलाका छेउछाउका बस्तीहरू : असुरेन, काल्चे, पिप्ले, लामीतरा, बालुवा, नाङ्गे, खैरला, सालचौर, भैँसेदमार, छ्यारछ्यारे, सिरेनीचौर, एकराते, जलजला, हात्तीखाललगायत जनयुद्धकालका आधार बस्ती हुन् । यहाँ हुने सामूहिक कृषि उत्पादनबाट उत्पादित वस्तुहरू जनमुक्ति सेनाका भोजन हुन्थे । जनसेनाका तालिम स्थलमा बनाएका बङ्करहरू, फौजी अबस्टिकलहरू र अस्थायी बासस्थानहरूका भग्नावशेषहरूलाई पृष्ठभाग बनाएर मोबाइलमा तस्बिरहरू कैद गर्दै यात्रा अगाडि बढायौँ । बाटोमा जुमखोलाका क. कुशललगायत ३ जना कमरेडहरू भेट्टिनुभयो । जनयुद्धका सारा उपलब्धिहरूको विसर्जनले कुहिरोमा हराएको कागझैँ अनुभूति गरेका उहाँहरूमा क्रान्तिको आशा मरेको छैन । क्रान्ति जीवित छ, जीवित रहिरहनेछ र अनन्तकालसम्म आवश्यक रहनेछ भन्ने दृढता छ । क्रान्ति जितिन्छ भन्ने सन्देश क. विप्लबलाई सुनाइदिन आग्रह छ । तर हिजोकै तरिकाले क्रान्ति नहुने उनलाई लागेको छ । नयाँ एकीकृत जनक्रान्तिको कार्यदिशाका बारेमा जान्ने उत्सुकता छ । सहयोद्धा क. रतन ओली र लालवीरको साथमा सुर्खेतको चिउरीगैरा, भर्लेनि, तोलीखोला, छिन्चु, बबई नदी हुँदै सल्यान काप्रेचौरको घुईंयाबारीका युवा कमरेडहरूसँगको भावनात्मक तथा वैचारिक र राजनीतिक छलफलपछि महान् सहिदहरूले बगाएको रगत र देखाएका सपनाहरूको स्मरण गर्दै एकीकृत जनक्रान्तिमार्फत अधुरो क्रान्ति पूरा गर्ने अठोटका साथ अमर सहिदले छोडेका पदचापहरू पछ्याउँदै जनजागरण अभियानको मार्गमा अगाडि बढ्यौं ।

## अखिल नेपाल ...

गरेको पनि बताउनु भएको छ । नेता विषमले एकीकृत जनक्रान्तिको कार्यदिशा, पार्टीको रणनीतिबारे प्रशिक्षण दिंदै नव निर्वाचित कार्यसमितिलाई जुझारु रुपले लाग्न निर्देशनसहित बधाई तथा शुभकामना दिनुभएको थियो । विशेष अतिथिसमेत रहेका उक्त महासङ्घका संयोजक झाँक्रीले राष्ट्रघात, जनघात, भ्रष्टाचार, महंगी, घुसखोरी, मजदुरमाथि भएको विभिन्न उत्पीडनको विरुद्धमा अन्तिम संघर्षमा उत्रन अपील गर्नु भएको थियो । सम्मेलनलाई पार्टीको केन्द्रीय आर्थिक विभाग सदस्य संजिव नेपाली, मजदुर साधारण शाखाका सेक्रेटरी देव परियार, ब्युरो संयोजक विनोद थापा, मजदुरको विभिन्न जनवर्गीय सङ्घका अध्यक्षहरुले स्वागत मन्तव्य राख्नुभएको थियो । सम्मेलनले राम लाखेको नेतृत्वमा १९ सदस्यीय कार्यसमिति चयन गरेको छ । कार्यसमितिहरुमा उपाध्यक्ष सुविन नेपाली, महासचिव राजन कौशल 'आक्रोष', सचिव कुमार घिसिङ, कोषाध्यक्ष टिका घिमिरे, सदस्य खेम सेवा, विरेन्द्र नेपाली, समिर पोखरेल, कमल सन्दाश, प्रदिप सुन्दाश, चिरञ्जीवी नेपाली, कृष्ण सेवा, निर्मला भित्रकोटी, सन्तोस नेपाली, सञ्जु रानाभाट, निदेश दर्नाल, कृष्ण नेपाली (क), रामशरण दर्जी, कृष्ण नेपाली रहेका छन् । उक्त कार्यक्रमको अध्यक्षता राम लाखेले गर्नुभएको थियो भने सञ्चालन राजन कौशल 'आक्रोष'ले गर्नु भएको थियो ।

# दलितहरुको दुश्मन राज्यब्यवस्था

■ **झनक श्रेष्ठ**, काठमाडौं

भारत सरकारले त्यँहाका दलितहरुको आन्दोलनमा प्रहरी दमन गरेको विषयलाई लिएर दलित मुक्ति मोर्चा नेपालले विरोध तथा भर्त्सना गरेको छ । मोर्चाका केन्द्रिय अध्यक्ष डम्वरबहादुर विश्वकर्माले सोमबार एक विज्ञप्ती जारी गर्दै नेपाल र भारतका दलितहरुको साझा दुश्मन वर्तमान राज्य ब्यवस्था नै रहेको बताएका छन् । उने आफुलाई लोकतन्त्रको ठेकेदार सम्झने मोदीसरकारले भारतमा दलितहरुको आन्दोलनमाथि दमन गरेको भन्दै दलितमाथिको दमनका विरुद्धमा साझा रुपमा लड्ने बताएका छन् । भारतमा बेला मौकामा दलितहरुलाई अतिहिन्दुवादी भारतीय जनतापार्टी र आर एस एसका कार्यकर्ताहरुले पिटि पिटी हत्या गर्ने गरेको र गर्दै एशियाका कुनै पनि देशमा सत्ताधारीहरुले दलितहरुमाथि अझै पनि सोह्रौं शताब्दीको जस्तो पशुवत ब्यवहार गरिरहेको पनि विज्ञप्तीमा उल्लेख गरिएको छ । नेपाल र भारतमा अन्तरजातिय विवाह, मठ मन्दिर प्रवेश, छुवाछुतका लगायतका विषयलाई लिएर दलितहरुमाथि अमानविय ब्यवहार र हत्या समेत हुने गरेको बताइएको छ । यसअघि भारतीय सुप्रीम कोर्टले दलितहरुका अधिकारका विषयलाई लिएर परेको मुद्दा खारेज गरेपछि त्यँहाका दलित समुदायहरुले अप्रिल २ मा भारतबन्दको घोषणा गरेका थिए । अदालतले समेत दलितहरुलाई अवहेलना गरेको भन्दै दलित समुदाय आन्दोलीत भएका हुन् । उनीहरुको आन्दोलन रोक्न प्रहरीले गोली चलाउदा अहिलेसम्म त्यँहा ११ जना आन्दोलनकारीको मृत्यु भइसकेको बताइएको छ ।

# चितवनमा जनआन्दोलन दिवस सम्पन्न

ऐतिहासिक जनआन्दोलन दिवस चैत २४ गते चितवनमा सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय जनप्रतिनिधि सभाकी अध्यक्ष तथा नेकपाकी वरिष्ठ पिपिएम् उमा भुजेल'शिलु' हुनुहुन्थ्यो । प्रमुख अतिथि भुजेलले "चैत २४ को ऐतिहासिक जनआन्दोलनको स्मरण गर्दै २०४६ सालको जनआन्दोलनका धोकेवाजहरु नै अहिले सत्तारुढ भएकोले दलाल र जनघाती तत्वहरुले जनअधिकार र राष्ट्रियताको रक्षा गर्न नसक्ने" बताउनु भएको थियो । भरतपुर महानगरपालिकास्थित हाकिमचोकमा भएको सो सभाको अध्यक्षता जिल्ला सेक्रेटरी भीमबहादुर खड्का 'धुर्ब' र सञ्चालन राजकुमार तिमल्सिनाले गरेका थिए । सो कार्यक्रममा केन्द्रीय सदस्य आधार, जिल्ला इन्चार्ज लालबहादुर बिसीलगायत नेताहरुको उपस्थिति थियो ।

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशु सेवा विभाग
हिमाली आयोजना HIMALI Project

**उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना**
आयोजना व्यवस्थापन कार्यालय
हरिहर भवन, ललितपुर

हिमाली क्षेत्रका १० जिल्ला (संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, डोल्पा, जुम्ला, मुगु र हुम्ला)मा हिमाली आयोजना सञ्चालनमा रहेको छ । यस आयोजनाले उक्त जिल्लाहरुमा कृषि, पशु पालन, जडीबुटी उत्पादन तथा प्रशोधन र अन्य (रेन्बो ट्राउट माछा पालन, मौरी पालन, कृषि पर्यटन आदि) मा गरि जम्मा ६४० उप-आयोजनाहरुलाई व्यवसायिक योजना सञ्चालन गर्न लागतको ८०% सम्म कृषि व्यवसाय विकास अनुदान प्रदान त्यस क्षेत्रको निर्वाहमूखि कृषि व्यवसायलाई व्यवसायीकरण गर्न सहयोग गरेको छ ।

**हालसम्मका केही उपलब्धिहरुः**

१) बागवानी विकास तर्फ विशेष गरि स्याउ खेती र किवी खेती तथा पशु पालन तर्फ बाख्रा, भेडा, च्याङ्ग्रा, गाई, याक/चौंरी, बंगुरको उत्पादन र व्यवसायीकरणमा विशेष टेवा पुगेको छ ।

२) आयोजनाले सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ्ग र मुस्ताङ्गमा रेन्बो ट्राउट व्यवसायीहरुलाई माछा पालनको लागी अनुदान प्रदान गरेको छ भने सोलुखुम्बु, मनाङ्ग र मुस्ताङ्गमा पहिलो पटक रेन्बो ट्राउट माछा सफलता पूर्वक उत्पादन/पालन गरिएको छ ।

३) आयोजनाको अनुदान सहयोगमा संचालित उप-आयोजनाहरुले हालसम्म करीव ७९१८ (पूर्णकालिन तथा ज्यालादारी) जनालाई प्रत्यक्ष रोजगारी प्रदान गर्नुका साथै ती उप-आयोजनाहरुबाट व्यवसायीहरुले लगभग रु. ६६ करोड ६१ लाख आम्दानी समेत प्राप्त गरिसकेका छन् ।

**"हिमाली आयोजनाको अनुदान सहयोगमा संचालीत उप-आयोजनाहरुको निरन्तरताको लागि समन्वय र सहयोग गरौं ।"**

**हिमाली आयोजना**
हरिहर भवन, ललितपुर
फोन : ०१-५५२५८३१, ०१-५५२८६६०, वेव साइट : www.himali.gov.np

छिटो, छरितो, भरपर्दो, सरल
सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।



सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,
Yeti Airlines
You come first
www.yetiairlines.com
Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.
Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com
•Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

**शुभकामना**

नयाँ वर्ष २०७५ सालको अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य एवं कार्यसफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

INTERNATIONAL
**JOB LINK PVT.LTD.**
Chakrapath, Maharajgunj, Kathmandu
Tel : 01-4016120, 4016201
email : info@intljoblink.com.np, hellorajz@gmail.com
www.intljoblink.com.np

भूकम्प लगायत बहुप्राकृतिक प्रकोपबाट हुनसक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्शा/डिजाइन तयार गरौं (साथै भवन निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवनको निर्माण गरौं । निर्माण कार्यमा दक्ष प्राविधिक, तालिम प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामाग्रीको प्रयोग गरौं ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
**सहरी विकास तथा भवन निर्माण विभाग**
बबरमहल, काठमाडौं
फोन नं. ०१-४२६२३६५, ४२४२४६६, ४२६२३५७, ४२६२९४५, ४२६२९८४
इमेल : dudbc@ntc.net.np,
http://www.dudbc.gov.np

**शुभकामना**

नयाँ वर्ष २०७५ सालको अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुस्वास्थ्य एवं कार्यसफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछु ।



**तारा प्रसाद भट्टराई**
काठमाडौं

**शुभकामना**

नयाँ वर्ष २०७५ सालको अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदनीहरुमा सुस्वास्य एवं कार्यसफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।




**ROADSHOW REAL ESTATE (P.) LTD.**
TURNING DREAMS INTO REALITY
Baghdurbar, Sundhara, Kathmandu, Nepal
T: 977-1-4243224/4240823 | E: info@roadshownepal.com
www.roadshownepal.com

**शुभकामना**

नयाँ वर्ष २०७५ सालको अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुस्वास्थ्य एवं कार्यसफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**सिद्धार्थ गौतम ओभरसिज**
नारायणगोपाल चोक, चक्रपथ, काठमाडौं

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं